जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३२१ • २०८३ साल बैशाख ७ गते सोमबार (20 April, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५१-

## प्रधानमन्त्री साहको रवैयाप्रति टिप्पणी

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय बाबाले जनकपुरधाम आएर नेपाली राजनीतिकमाथि खुलेआम प्रहार गरेका छन् ।



जानकी नवमीको अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरमा दर्शन पूजाअर्चना पश्चात भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका निकटसमेत रहेका भारतको तुलसी पीठका पीठाधीश जगद्गुरु रामभद्राचार्यले नेपालका प्रधानमन्त्री बालेन्दै साह बालेनको व्यवहारिक रवैया ठिक नरहेको टिप्पणी गरेका छन् ।

तुलसी पीठका पीठाधीश जगद्गुरु रामभद्राचार्यले प्रधानमन्त्री बालेन्द्र साह बालेनमा अझैसम्म पनि राजनीतिक चेतना नभएको टिप्पणी गरेका छन् । उनले साहको कार्यशैलीको आलोचनासमेत गरे ।

प्रधानमन्त्री साहको नेतृत्वमा गाम्भीर्य र राजनीतिक अनुभवको आवश्यकता रहेको भन्दै उनले जिम्मेवार पदमा रहेका व्यक्तिहरूले परिपक्वता देखाउनुपर्ने बताए ।

कुनै पनि मुलुकसंगको निर्भरतालाई अस्वीकार गर्न माग गर्दै भारतसंग परम्परागत रुपमै सम्बन्ध रहेकाले यसप्रति सकारात्मक राख्न प्रधानमन्त्री साहसंग माग गरे । उनले चीन र अमेरिकासंग कुनै पनि किसिमको सहकार्य र समन्वय नगर्न र भारत विरोधी नबन्नका लागि आग्रह गरे । उनले उनले प्रधानमन्त्री साहको रवैयाका कारणले आफूलाई निकै कष्ट भइरहेको जगद्गुरु रामभद्राचार्यले दुःखेसो पोखे ।

उनले नेपालमा अहिले केही समयदेखि धर्मान्तरणमा उल्लेख्य वृद्धि भइरहेकाले मुस्लिम समुदायको संख्यामा पनि बढोत्तरी भइरहेको बताए । उनले अहिले नेपाली समाजमा भइरहेको धर्मान्तरणलाई तत्काल निरुत्साहित गर्नुपर्ने माग समेत गरे । उनले हिन्दू धर्मको संरक्षण, संवर्द्धनसंगै रक्षाको समेत आवश्यकता रहेको बताए ।

उनले नेपाल समृद्ध र पूर्ण रूपमा आत्मनिर्भर बन्नुपर्नेमा जोड दिए । उनले नेपाल कुनै पनि देशमा निर्भर हुनु उपयुक्त नभएको बताए ।

नेपाल भ्रमणका क्रममा आफूलाई आफ्नै घर आएको जस्तो अनुभूति हुने उल्लेख गर्दै उनले नेपाल-भारतबीचको सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने व्यक्त गरे ।

उनले भारतप्रति नकारात्मक सोच राख्नु उचित नभएको भन्दै पारस्परिक सम्मान र सहकार्य आवश्यक रहेको बताए ।

उनले नेपालमा हिन्दू धार्मिक मूल्य मान्यताप्रति आकर्षण र सम्मान कायम रहनुपर्ने उल्लेख गरे ।

राजनीतिक संरचनाको सन्दर्भमा जगद्गुरु रामभद्राचार्यले भारतको विहारस्थित सीतामढी अवस्थित पुनौराधाममा सीताको बाल्यकालसहितको ठूलो मन्दिर निर्माण भइरहेको बताए । उनले भारतीय एक महिलाले जनकपुरधाम आएर सीताको मन्दिरको नौलखा मन्दिर निर्माण गरिदिएको समेत स्मरण गरे ।

### देउवा समूह अलमलमा
## पहिले अदालतको फैसला स्वीकार, अब पुनरावलोकनदेखि पार्टी विभाजनको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्वोच्च अदालतले गगनकुमार थापा नेतृत्वको पार्टीलाई नै वैधानिकता दिएपछि निवर्तमान सभापति शेरबहादुर देउवा समूहले शुरुमा अदालतको फैसला स्वीकार्ने जनाएको थियो । तर त्यसको भोलीपल्ट अदालतमा पुनरावलोकनमा जाने र पार्टी विभाजनसम्मको चेतावनी दिएपछि देउवा समूह अलमलमा नै रहेको टिप्पणी भइरहेको छ ।



नेपाली कांग्रेसको देउवा समूहले १५ औं महाधिवेशनको मिति समायोजन नभए पार्टी विभाजनतर्फ जानेसमेत चेतावनी दिएको छ । एक दिन अघि देउवा समूहको बैठकबाट एकतावद्ध भएर अघि बढ्ने निर्णय पनि गरेको थियो ।

तर आइतबारको बैठकले एकताको सम्पूर्ण जिम्मेवारी सभापति थापाको रहेको निष्कर्ष निकाल्दै आफूहरुको एकता हुनु पर्ने जिकिर गर्दै पार्टी विभाजनसम्मको चेतावनी देउवा समूहले दिएको छ ।

त्यसका लागि निवर्तमान केन्द्रीय सदस्य, निवर्तमान पदाधिकारी र अन्य समितिमा रहेकाहरूसंग छलफल गर्ने निर्णय भएको नेता मीन विश्वकर्माले जानकारी दिए ।

एकताका लागि महाधिवेशनको मिति समायोजन हुनैपर्ने अडान देउवा समूहले लिएको छ ।

दुई महाधिवेशनको अवस्था आउन नदिन पार्टीमा छलफलको पहल सभापति थापाले लिनुपर्ने उनले बताए । त्यस्तै सर्वोच्च अदालतको फैसलाबारे पुनरावलोकनमा जाने पक्षमा आफूहरूको रहेको उनले बताए ।

यता देउवा समूहले अदालतको फैसलापछि पनि जिल्लादेखि केन्द्रसम्म समानान्तर गतिविधि गर्ने तयारी गरेको छ ।

एकताका लागि पहल गर्न कांग्रेस संस्थापन समूहलाई आग्रह गरे पनि सो समूहले वैकल्पिक योजनाका रुपमा आफ्नो बेग्लै तयारी गरेको छ ।

अब यथासिघ्र निवर्तमान पदाधिकारी र सदस्यको वृहद बैठक बसेर चरणबद्ध कार्यक्रम बनाउने सो समूहका नेता मिनबहादुर विश्वकर्माले बताए ।

उनले भने, 'हामी चरणवद्धरुपमा प्रदेशस्तरको, जिल्लास्तरको बैठक बसेर बृहद् राष्ट्रिय भेला आयोजना गर्नेछौं । हामीलाई अदालतको फैसला चित्त बुझेको छैन ।'

अर्को समूहले पहल गरे मात्र एकताको वातावरण बन्ने विश्वकर्माको भनाइ छ । अन्यथा पार्टी विभाजनतर्फ जानसक्ने उनले चेतावनी दिए ।

देउवा समूहले अदालतले पार्टीको आधिकारिकतबारे गरेको फैसला त्रुटिपूर्ण रहेको निष्कर्ष निकालेको छ ।

आइतबार बसेको सो समूहको बैठकले सर्वोच्चले विरोधाभासपूर्ण र आफ्नै विगतको नजिरविपरित फैसला गरेको ठहर गरेको छ ।

उक्त बैठकपछि बोल्दै देउवा समूहका नेता विश्वकर्माले फैसलालाई तत्काल स्वीकार गरे पनि यसको पुनरावलोकनमा जानुपर्ने राय नेताहरुबाट आएको उनले बताए ।

यता कांग्रेसको संसदीय दलको चयनका लागि निर्वाचन कार्यतालिका सर्वजनिक गरेको छ । कांग्रेस संसदीय दलको कार्यालयले मंगलबार दलको नेता चयनका लागि निर्वाचन हुने कार्यक्रम तय भएको जानकारी दिएको छ ।

कांग्रेसले दलको नेताको निर्वाचनमा सहभागी हुन उपत्यका बाहिर रहेको भए सोमबारसम्म काठमाण्डु आइपुग्न मोबाइलमा एसएमएस पठाएको छ ।

सांसद गीता गुरुङले काठमाण्डु उपत्यकामा भएका सांसदहरूलाई बाहिर नजान पनि एसएमएसमा आग्रह गरिएको छ । उनले भनिन्, 'नेका संसदीय दलको निर्वाचन वैशाख ८ गते हुने हुँदा काठमाण्डु उपत्यका बाहिर रहनुभएका माननीय ७ गतेभित्र आउनुहुन र उपत्यकामा हुन भएका माननीय बाहिर नजानु हुन जानकारी गराइन्छ,' सूचनामा उल्लेख गरिएको छ ।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा ३८ सिटमा खुम्चिएको कांग्रेसले अहिलेसम्म दलको नेता चयन गर्न सकेको छैन ।

## वीरगञ्जमा सडक विस्तार शुरु, विकाससंगै विस्थापनको पीडा चुलियो

**अनिल तिवारी**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकामा वर्षौंदेखि रोकिएको सडक विस्तार अभियान अन्ततः औपचारिक रूपमा शुरु भएसंगै सहरको जनजीवन एकैपटक उत्साह र तनाव दुवैको बीचमा पुगेको छ। वीरगञ्जको मुख्य व्यापारिक तथा आवागमन केन्द्र मानिने त्रिभुवन राजपथ अन्तर्गत गण्डकदेखि मितेरी पुलसम्मको सडक खण्ड आइतबार बिहानैदेखि फराकिलो बनाउने काम तीव्र रूपमा अघि बढाइएको छ ।



यस अभियानले गति लिनुमा सर्वोच्च अदालत को पछिल्लो निर्णय निर्णायक बन्यो । फागुन २८ गते अदालतले सडक विस्तारको पक्षमा फैसला गर्दै रिट खारेज गरेपछि लामो समयदेखि रोकिएको योजना कार्यान्वयनमा आएको छ । त्यसलगत्तै सडक डिभिजन कार्यालय हेटौंडाले उच्च प्राथमिकताका साथ विस्तार कार्य अघि बढाएको छ ।

गण्डक, पावरहाउस, घण्टाघर, आदर्शनगर हुँदै मितेरी पुलसम्मका क्षेत्रमा एकैपटक ठूलो संख्यामा जनशक्ति र उपकरण परिचालन गरिएको छ। करिब एक दर्जन डोजर, जेसीभी र एक्साभेटर प्रयोग गरी सडकको दायाँ-बायाँ २५-२५ मिटरभित्र रहेका स्थायी तथा अस्थायी संरचना हटाउने काम तीव्र गतिमा अघि बढाइएको छ । प्रारम्भिक अनुमानअनुसार करिब १,००० देखि १,२०० घरटहरा यसबाट प्रभावित हुनेछन् ।

प्रशासनले संरचना खाली गर्न मात्र १२ घण्टाको समय दिएपछि स्थानीय बासिन्दामा असन्तुष्टि चुलिएको छ। धेरैले तयारी गर्ने अवसर नपाएको गुनासो गरेका छन् । कतिपय परिवार सामान सार्न नपाउँदै डोजर चल्दा अचानक विस्थापनको अवस्थासम्म पुगेका छन् । आफ्नै घरबार भत्किँदै गरेको दृश्यले धेरैलाई भावनात्मक रूपमा विचलित बनाएको छ।

### अत्यावश्यक सेवा अवरुद्ध

सडक विस्तारसँगै विद्युत, इन्टरनेट र खानेपानी सेवा समेत प्रभावित भएका छन्। नेपाल विद्युत् प्राधिकरण को वीरगञ्ज वितरण केन्द्रले सार्वजनिक सूचना जारी गर्दै विद्युत् लाइन व्यवस्थापनका कारण आपूर्ति अवरुद्ध हुन सक्ने जनाएको छ। बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म विद्युत् बन्द हुँदा इन्टरनेट सेवा र बोरिङमार्फत हुने खानेपानी वितरण समेत ठप्प भएको छ।

वडा नं. १, २, ५, ६ सहित रानीघाट, जगन्नाथपुर, श्रीसिया, छपकैया, घण्टाघर, बिर्तामाई, बलिरामपुरलगायत क्षेत्रमा विद्युत् सेवा अनियमित हुने बताइएको छ । प्राधिकरणका अनुसार मंगलबारसम्म आंशिक रूपमा सेवा प्रभावित हुन सक्नेछ ।

सम्भावित विरोधलाई मध्यनजर गर्दै नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको व्यापक परिचालन गरिएको छ। प्रशासनले विकास कार्यलाई अवरोधविहीन रूपमा सम्पन्न गर्न सुरक्षा व्यवस्था कडा बनाइएको जनाएको छ ।

सरकारले यस परियोजनालाई दीर्घकालीन यातायात सुधार र शहरी व्यवस्थापनका लागि आवश्यक कदमका रूपमा प्रस्तुत गरिरहेको छ। तर कार्यान्वयन प्रक्रियामा मानवीय पक्षलाई बेवास्ता गरिएको भन्दै आलोचना बढ्दो छ।

अब सबैको ध्यान प्रभावित नागरिकहरूको व्यवस्थापन, उचित क्षतिपूर्ति र पुनर्वासतर्फ केन्द्रित भएको छ । विकासको नाममा शुरु गरिएको यस अभियान कति न्यायोचित र समावेशी बन्छ भन्ने प्रश्न अहिले वीरगञ्जका सडकमा मात्र होइन, नीति निर्माण तहसम्म गुञ्जिरहेको छ ।

आकस्मिक रुपमा संरचना भत्काउने अभियानले स्थानीय तहमा व्यापक असन्तुष्टि र विरोध जन्माएको छ। मुख्य व्यापारिक केन्द्रका रूपमा चिनिने एक नम्बर सडक क्षेत्रमा घरटहरा हटाउन प्रशासनले दिएको अत्यन्त छोटो समयसीमाले पीडितहरूलाई झनै आक्रोशित बनाएको छ । स्थानीय व्यवसायीहरूका अनुसार २४ घण्टा मात्रै समय दिई हतारमा डोजर चलाइनु 'आपतकालीन अवस्था जस्तो' व्यवहार भएको आरोप लगाइएको छ।

यस विषयमा विजयकुमार सरावगीले प्रशासनको शैलीप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दै यसलाई "आतंकवादी शैली" को संज्ञा दिए । उनले प्रभावित परिवारहरूको आवास, पुनर्वास र उचित मुआब्जाबारे राज्य मौन रहेको भन्दै गम्भीर प्रश्न उठाए ।

## गृहमन्त्रीको २४ घण्टे अल्टिमेटमले उत्पन्न त्रास

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा थालिएको सडक विस्तार अभियान पछाडि उच्चस्तरीय दबाब रहेको खुलासा भएको छ । स्रोतका अनुसार गृहमन्त्री सुदन गुरुङले गत शुक्रबार पर्साका सुरक्षा प्रमुखहरूलाई फोनमार्फत कडा निर्देशन दिएपछि मात्र २४ घण्टाको सूचना जारी गरी डोजर परिचालन गरिएको छ ।

सर्वोच्च अदालतले राजमार्ग विस्तारका पक्षमा फैसला सुनाइसकेपछि पनि काम ढिलो भएको भन्दै गृहमन्त्री गुरुङले "वीरगञ्ज तोड्ने कि राजधानी फर्किने ?" भन्ने कडा प्रश्न राखेको बताइन्छ । यसले जिल्ला सुरक्षा संयन्त्रमा तत्कालै दबाब सिर्जना गरेको थियो ।

सुरक्षा अधिकारीहरूले प्रारम्भमा कम्तीमा एक हप्ता समय मागे पनि गृहमन्त्रीको "तत्काल काम सुरु नगरे कारबाही हुने" चेतावनीपछि निर्णय हतारमा कार्यान्वयनमा ल्याइएको स्रोतको दाबी छ । त्यसपछि शनिबार र आइतबारको बिदाको समय पारेर अचानक डोजर चलाइएको छ ।

यस कदमले स्थानीय व्यापारी र बासिन्दामा ठूलो त्रास फैलाएको छ। धेरैले तयारीको समय नपाउँदा आर्थिक रूपमा ठूलो क्षति व्यहोर्नुपरेको बताए ।


सडक विस्तार दीर्घकालीन रूपमा आवश्यक मानिए पनि यसको कार्यान्वयन शैलीले प्रशासनमाथि गम्भीर प्रश्न खडा गरेको छ । अहिले वीरगञ्जमा विकासभन्दा बढी त्रास र अनिश्चितताको माहोल देखिएको छ ।



# आमरण अनसनमा बसेका कर्ण पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । अर्थतन्त्रको लागत कम गर्न शिक्षा पद्धतिमा सुधारसहित विभिन्न माग राख्दै आमरण अनसनमा बसेका जनकपुरधामका अभियन्ता तथा सत्याग्रही धर्मेन्द्रकुमार कर्णलाई पक्राउ गरेका छन् ।




आइतवार बिहानदेखि आमरण अनसनमा बसेका पत्रकार समेत रहेका कर्णलाई विभिन्न सञ्चार माध्यममा समाचार आउन थालेपछि प्रहरीले आमरण अनसनस्थल जनक चोकबाटै उनलाई पक्राउ गरेको थियो ।

पक्राउ गरेर जिल्ला प्रहरी कार्यालयमा उनलाई प्रहरीले अनशनमा नबस्ने भनी करकाप गर्दै कागजात गराउन समेत खोजेको तर उनले नमानेको उनका एक समर्थकले बताएका छन् । अन्ततः लोकतन्त्रमा आफ्ना कुरा राख्न प्रत्येक नागरिकको अधिकार रहेको भनी चौतर्फी आलोचना हुन थालेपछि उनलाई साँझमा प्रहरीले छाडेका थिए ।

अर्थतन्त्रको लागत घटाउने र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने आफ्नो प्रशतावमा सरकारले कुनै चासो नदेखाएको भन्दै उनले आमरण अनसनको घोषणा गर्दै बसेको थियो । उनले प्रधानमन्त्री बालेन्द्र साह र मुख्यमन्त्री कृष्ण प्रसादयादव समक्ष आफ्नो गुनासो राखेको तर सुनुवाइ नभएको बताएका छन् ।

माध्यमिक क्षेत्रमा गुणस्तरीय शिक्षाको सुनिश्चितता प्रवर्द्धन गर्ने र शिक्षा क्षेत्रको लागत घटाउने शिक्षण विधिको प्रचलनका लागि आम जनताको तर्फबाट गरिएको अर्थतन्त्रको लागत घटाउने प्रस्तावमा चासो नदिने कारणबारे मुख्यमन्त्री कृष्णप्रसाद यादवले सार्वजनिक रूपमा जवाफ दिनुपर्ने उनको भनाइ छ ।

यी बाहेक भ्रष्टाचार विरोधी अभियन्ताको रुपमा स्थापित मौजुदा संघीय सरकारले नेपाल वान टेलिभिजनको संचालनमा नीतिगत भ्रष्टाचार सम्बन्धी निर्णय गरी भ्रष्टाचार गर्ने प्रधानमन्त्री र संचार मन्त्री लगायत संलग्न सबैको छानबीन गरी कारवाही गर्नुपर्ने, जानकी मन्दिर लगायत विभिन्न मठ मन्दिरका न्यायपूर्ण रुपमा जग्गा दर्ता हुन बांकी रहेकाहरुको हकमा तत्काल रोक आदेश खारेज गर्नुपर्ने र नगर क्षेत्रमा रहेका स साना टुक्रा र टुक्रिदै जाने जग्गको वितिय तरलता अभिवृद्धि गर्न समकालिन वितीय व्यवस्थापनका लागि तत्काल पहल अघि बढाउने लागयतका माग उनको रहेको छ ।

## हावाहुरीबाट मधेस प्रदेश प्रभावित : सिरहामा पर्खाल भत्किँदा महिलाको मृत्यु

सिरहा । शनिबार साँझ आएको हावाहुरीका कारण सिरहामा घरको पर्खाल भत्किँदा एक महिलाको मृत्यु भएको छ ।

मृत्यु नेमा सखुवानन्कारकट्टी गाउँपालिका-२ मकरामपुर का ६० वर्षीया किसुनवती यादव घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालकाअनुसार घटनालगत्तै प्रहरी टोली घटनास्थल पुगेको



रहेकी छन् । स्थानीय विन्देश्वर यादवकी श्रीमती किसुनवती शनिबार साँझ घरमै बसिरहेको अवस्थामा आएको तीव्र गतिको हावाहुरीले घरको जस्तापाता उडाएको थियो । जस्तापाता उडेसँगै घरको पर्खाल भत्किँदा ईँटाले टाउकोमा लागेर उहाँ गम्भीर घाइते हुनुभएको थियो । चोटका कारण उहाँको थियो । उहाँका अनुसार, प्रहरीले घटनाको मुचुल्का उठाएर शव परीक्षणका लागि पठएको छ ।

गए राति मधेस प्रदेशका विभिन्न जिल्लामा आएको हावाहुरीले जनजीवन प्रभावित बनाएको छ भने अन्य क्षेत्रमा भएको क्षतिको विवरण पनि सङ्कलन भइरहेको प्रहरीले जनएको छ । रासस

# सरकारविरुद्ध जनअधिकार धर्नामा

टुडे समाचारदाता

वीरगञ्ज । भारतबाट एक सय रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा अनिवार्य भन्सार कर तिर्नुपर्ने नियमको विरोधमा शरत यादव नेतृत्वको जनअधिकार पार्टीले आइतबार वीरगञ्ज नाकास्थित शंकराचार्य गेटमा धर्ना दिएको छ ।




पार्टीका अध्यक्ष डा. शरदसिंह यादव को नेतृत्वमा नेता-कार्यकर्ताहरूले शंकराचार्य गेट क्षेत्रमा करिब एक घण्टा सडकमै धर्ना दिँदै सरकारको निर्णयप्रति विरोध जनाएका हुन् ।

धर्नाका क्रममा अध्यक्ष यादवले सरकारको उक्त निर्णयले नेपाल-भारतबीचको परम्परागत ‘रोटी-बेटी’ सम्बन्धमा खलल पुऱ्याउने उद्देश्य राखेको आरोप लगाए। उनले सीमा क्षेत्रका मधेसका नागरिकलाई लक्षित गरी यस्तो “हास्यास्पद” नियम लागू गरिएको भन्दै तत्काल खारेज गर्न माग गरे ।

उनले मधेसी समुदाय सरकारप्रति आशावादी रहेको अवस्थामा छोटो समयमै यस्तो नियम लागू हुनु दुःखद भएको टिप्पणी गर्दै भन्सार कडाइले सर्वसाधारणलाई सास्ती दिएको बताए।

महँगी नियन्त्रणमा सरकार असफल भएको आरोप लगाउँदै यादवले खाद्यान्न, इन्धनलगायत दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढिरहेको अवस्थामा सरकार कर असुलीमै केन्द्रित भएको आरोप लगाउदै उनले भन्सार कडाइलाई “मधेसमाथिको अघोषित नाकाबन्दी” को संज्ञा दिए।

सरकारले पछिल्ला दिनहरूमा नेपाल-भारत सीमानाकामा राजस्व चुहावट रोक्ने उद्देश्यले एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार कर तिर्नुपर्ने नियम कडाइका साथ कार्यान्वयनमा ल्याएको छ। उक्त व्यवस्था भन्सार महसुल ऐन, २०८१ अन्तर्गतको दफा १३(३) अनुसार लागू गरिएको हो, यद्यपि यसअघि व्यवहारमा यसको कार्यान्वयन प्रभावकारी रूपमा गरिएको थिएन।

सरकारको यो निर्णयको विरोधमा सीमा क्षेत्रका विभिन्न राजनीतिक दल, नागरिक अगुवा र स्थानीयवासीबाट निरन्तर आलोचना हुँदै आएको छ।

## ‘क्रुड आयल’ भन्दा प्रशोधित इन्धनको मूल्य बढी हुन्छ : आयल निगम




काठमाण्डु । नेपाल आयल निगमले प्रशोधित पेट्रोलियम पदार्थको अन्तरराष्ट्रिय मूल्यका आधारमा स्थानीय बजारमा खुद्रा बिक्री मूल्य निर्धारण हुँदै आएको जनाएको छ। ‘क्रुड’ आयल (कच्चा तेल) को मूल्यका तुलनामा नेपालमा पेट्रोलियम पदार्थको मूल्य बढी तोकिएको भनी आमउपभोक्तालाई भ्रममा पार्ने प्रयास भइरहेको जनाउँदै निगमले त्यसमा कुनै सत्यता नरहेको स्पष्ट पारेको हो।

क्रुड आयलको मूल्यलाई आधार बनाएर नेपालमा इन्धन महँगिएको भन्ने विश्लेषण भ्रामक रहेको निगमले जनाएको छ। नेपालसँग आफ्नै ‘रिफाइनरी’ नहुँदा कच्चा तेल आयात नगरी सोझै प्रशोधित पेट्रोल र डिजेल आयात गर्नुपर्ने बाध्यता रहेको छ।

“क्रुड आयलभन्दा प्रशोधित इन्धनको मूल्य स्वभाविक रूपमा बढी हुन्छ, त्यसैले मूल्य तुलना गर्दा क्रुड होइन, प्रशोधित पेट्रोलियम पदार्थकै अन्तरराष्ट्रिय मूल्य हेर्नुपर्छ”, निगमका प्रवक्ता मनोज ठाकुरले राससँग भन्नुभयो।

निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट पेट्रोलियम पदार्थ आयात गर्दै आएको छ। आइओसीबाट प्राप्त प्रशोधित पेट्रोल र डिजेलको खरिद मूल्यका आधारमा नेपालमा प्रत्येक १५/१५ दिनमा मूल्य समायोजन हुँदै आएको छ।

निगमले उपलब्ध गराएको तथ्याङ्कअनुसार १६ अप्रिल २०२६ मा क्रुड आयलको मूल्य प्रतिब्यारेल ९९.६ अमेरिकी डलर, पेट्रोल १३९.३ डलर र डिजेल २२८.१ डलर थियो। यस अवधिमा सबैभन्दा उच्च मूल्य २ अप्रिल २०२६ मा पुगेको थियो, जहाँ क्रुड आयल ११८.३ डलर, पेट्रोल २६२.० डलर र डिजेल ३३४.४ डलर प्रति ब्यारेल पुगेको देखिन्छ।

सामान्य अवस्थामा क्रुड आयल र पेट्रोलबीच करिब १० डलर तथा क्रुड आयल र डिजेलबीच करिब २० डलरको अन्तर रहने भए पनि पछिल्लो अन्तरराष्ट्रिय परिस्थितिमा यो अन्तर क्रमशः करिब १४४ डलर र २१६ डलरसम्म पुगेको निगमले जनाएको छ। यसले प्रशोधित इन्धन आयात गर्ने मुलुकहरूमा मूल्यवृद्धिको दबाब थप बढाएको छ।

निगमका अनुसार भन्सार, कर, ढुवानी, बीमा, भण्डारण र सेवा शुल्कजस्ता पक्षहरूले पनि अन्तिम खुद्रा मूल्य निर्धारणमा प्रभाव पार्नेछ।

निगमले यही वैशाख ३ गतेदेखि नेपालमा डिजेल/मट्टितेलमा प्रतिलिटर रु ३० र हवाई इन्धनमा प्रतिलिटर रु पाँच वृद्धि गरेको थियो।रासस

# मधुवा रोग र हावाहुरीले आँप उत्पादन घट्ने भएपछि किसान चिन्तित

सिरहा । सिरहा जिल्लामा यस वर्ष आँप उत्पादनमा ठूलो ह्रास आउने भएको छ। अघिल्लो वर्षको तुलनामा यसपटक उत्पादन बढ्ने अपेक्षा गरिए पनि ‘मधुवा’ रोग र हावाहुरीका कारण मञ्जर र टिकुला (चिचिला) झरेपछि किसानहरू चिन्तित बनेका छन्।

कृषि ज्ञान केन्द्र सिरहाका अनुसार करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा लगाइएको आँपमा यस वर्ष मञ्जर निकै राम्रो लागेको थियो, तर रोगको प्रकोपले गर्दा अहिले रुखहरूमा करिब १० प्रतिशत मात्र फल बाँकी रहेको छ।

केन्द्रका सूचना अधिकृत सुदीप खनालले भन्नुभयो, “सिरहाको करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा गरिएको आँपखेतीबाट यसपटक उल्लेख्य उत्पादनको अपेक्षा थियो। तर रोगका कारण मञ्जर र टिकुला झर्ने क्रम नरोकिँदा उत्पादनमा ठूलो ह्रास आउने देखिएको छ।” उहाँका अनुसार गत वर्ष जिल्लामा ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ।



लहान नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइका अनुसार किसानले ‘इमिडाक्लोप्रिड’जस्ता विषादी प्रयोग गरे तापनि प्रकोप नियन्त्रण बाहिर गएको थियो। मञ्जर लाग्ने समयमा भएको वर्षा र अत्यधिक हावाहुरीले समस्या झनै बल्झाएको प्राविधिकहरूको ठहर छ।

आँपखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका किसानहरू यतिबेला निकै निराश छन्। लहान-२४ का किसान प्रमोद यादवले भन्नुभयो, “हामीलाई रोग नियन्त्रणका लागि आवश्यक ज्ञान र सीपको अभाव छ। सरकारले समयमै सचेतनामूलक कार्यक्रम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ।”

त्यस्तै, गए रातिको हावाहुरीले बाँकी रहेका टिकुलाहरू पनि झारिदिएपछि लगानी नै नउठ्ने अवस्था आएको लहान-२२ का किसान रामवृक्ष यादवले बताउनुभयो। उहाँले दुखेसो पोख्दै भन्नुभयो, “विषादी र मलजलमा निकै खर्च भयो, तर अहिले रुखमा टिकुला नै छैनन्। आम्दानी हुने बेला रोगको प्रकोप त एकातिर छँदैछ, अर्कोतर्फ बेस्सरी आएको हावाहुरीले आँपका अडिएका चिचिला नै झरेपछि यसपालि लगानी पनि नउठ्ने डर भयो।”

रोगको क्षतिलाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्रले आगामी वर्षहरूमा मञ्जर लाग्नुअगावै सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ। रासस

## वन्यजन्तु संरक्षण केन्द्र उद्घाटन




टुडे समाचारदाता

बारा। पर्सा राष्ट्रिय निकुञ्जले ३१ औं बन्यजन्तु सप्ताह २०८३ को क्रममा वन्यजन्तु उद्धार केन्द्रको उद्घाटन गरिएको छ।

“सुरक्षित मानिस, संरक्षित बन्यजन्तु र जैविक विविधताको सदुपयोग समृद्धिको सेतु” भन्ने नारालाई व्यवहारमा उतार्दै मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नु तथा संरक्षण कार्यलाई प्रभावकारी बनाउनु रहेको छ।

निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले पछिल्लो समय वन्यजन्तु संरक्षणमा समुदायको भूमिका महत्वपूर्ण बन्दै गएको उल्लेख गर्दै संरक्षण र विकासबीच सन्तुलन कायम गर्न आवश्यक रहेको बताए।

उनले वन्यजन्तु उद्धार केन्द्र सञ्चालनमा आएपछि घाइते तथा जोखिममा परेका जनावरको तत्काल उपचार, संरक्षण र पुनः प्राकृतिक वासस्थानमा फर्काउने कार्य सहज हुने विश्वास व्यक्त गरे।

सो अवसरमा बारा, पर्सा र मकवानपुर जिल्लाका सञ्चारकर्मीसँग अन्तरक्रिया समेत गरिएको छ। सञ्चारकर्मीहरूको भूमिका संरक्षण सन्देशलाई आम नागरिकसम्म पुऱ्याउन महत्वपूर्ण हुने उल्लेख गर्दै तथ्यमा आधारित र सचेतनामूलक सामग्री प्रसारण गर्न आग्रह गरिएको थियो

कार्यक्रममा मध्यवर्ती वन उपभोक्ता समितिका अध्यक्ष सिताराम अर्याल, सबुज गण आधाभारका प्रमुख सेनानी अनुप सिंह बस्नेत, अम्लेश्वर मध्यवर्ती उपभोक्ता समूहका अध्यक्ष राजकुमार मानन्धर लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो।

# जानकी फन पार्कमा खुल्यो रेष्टुरेन्ट

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको सपहीमा सञ्चालित जानकी फन पार्क एण्ड रिसोर्ट प्रा.लि. ले आफ्ना सेवा थप विस्तार गर्दै रेष्टुरेन्ट संचालनमा ल्याएका छन् ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१, रमदैयामा अवस्थित सो रिसोर्टले संचालनमा ल्याएको ‘बगैंचा’ नामक रेष्टुरेन्टको वैशाख ७ गतेदेखि औपचारिक रूपमा सञ्चालनमा हुनेछ।

रिसोर्टका सञ्चालक गुड्डु जैनले सो रेष्टुरेन्ट मधेशकै सबैभन्दा ठूलो रेष्टुरेन्ट रहने दाबी गरेका छन्। १८ हजार स्कवायर फिटमा रहेका कारण मधेशकै सबैभन्दा ठूलो रेष्टुरेन्ट रहेको उनले भने। उनका अनुसार नयाँ सेवाअन्तर्गत ठूलो क्षमताको रेस्टुरेन्ट, आधुनिक सुविधा सम्पन्न मिटिङ हल, विभिन्न कार्यक्रमका लागि उपयुक्त ब्यांकेट हल, बालबालिकाका लागि विशेष किड्स प्ले जोन तथा खुला वातावरणमा रमाउन सकिने ओपन लाउन्जको व्यवस्था रहेको छ।

रिसोर्टले हाल ‘वन्डर ल्याण्ड वाटर पार्क’ सञ्चालन गर्दै आएको छ, जसले बालबालिका, युवा र पर्यटकहरूलाई सुरक्षित र मनोरञ्जनपूर्ण अनुभव प्रदान गर्दै आएको छ।

जनकपुरधाम क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकका लागि लोकप्रिय बन्दै गएको सन्दर्भमा सेवाको दायरा विस्तार गरिएको जैनले बताए।

रेष्टुरेन्टमा थकाली, भारतीय र कन्टिनेन्टल परिकारसँगै मिथिला क्षेत्रको परम्परागत स्वाद झल्काउने ‘मिथिला थाली’ पनि समावेश गरिएको छ। साथै, हरियाली वातावरणमा बसेर खानाको आनन्द लिन सकिने गार्डेन रेस्टुरेन्टको सुविधा समेत थपिएको उनको भनाई छ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज तपाईको आत्मविश्वास बढ्नेछ।
वृष : आज धैर्य र संयम आवश्यक हुनेछ। काममा ढिलासुस्ती हुन सक्छ।
मिथुन : आज नयाँ योजना बनाउने दिन हो। सञ्चार र सम्बन्धमा सुधार आउनेछ।
कर्कट : आज भावनात्मक रुपमा संवेदनशील हुन सक्नुहुन्छ।
सिंह : आज नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ।
कन्या : आज सानो मेहनतले ठुलो परिणाम दिन सक्छ।
तुला : आर्थिक स्थिति स्थिर रहनेछ। साथीभाईसंग सहकार्य बढ्नेछ।
वृश्चिक : आज गोप्य योजना सफल हुन सक्छ। काममा ध्यान दिनु आवश्यक छ।
धनु : आज यात्रा गर्ने अवसर मिल्न सक्छ। नयाँ ज्ञान हासिल हुनेछ।
मकर : आज जिम्मेवारी बढ्न सक्छ। काममा मेहनत आवश्यक हुनेछ।
कुम्भः आज नयाँ सोच र योजना बन्नेछ।
मीनः आज सृजनात्मक काममा रुचि बढ्नेछ। काममा केही चुनौती आउन सक्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नागेश्वर सामुदायिक वन, योजना अभावमा ओझेलमा



कञ्चनपुर।कञ्चनपुरकोशुक्लाफाँटा नगरपालिका-६ कसरौलस्थित नागेश्वर मध्यवर्ती सामुदायिक वन, जहाँ बिहानको सुरुआत चराचुरुङ्गीको मधुर स्वरबाट हुन्छ। खुला मैदानमा निलगाई र चितल निस्फिक्री चरिरहेका देखिन्छन्। कहिलेकाहीँ मयूरको नृत्यले वातावरण झन् रमाइलो बनाइदिन्छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको यो वन क्षेत्र प्रकृतिको अनुपम सौन्दर्यले भरिपूर्ण छ। यति धेरै सम्भावना हुँदाहुँदै पनि स्पष्ट योजना, पूर्वाधार र लगानीको अभावमा यो क्षेत्र ओझेलमा परेको छ।

करिब ४८ हेक्टर क्षेत्रफलमा फैलिएको यो सामुदायिक वन प्राकृतिक स्रोत, जैविक विविधता र सांस्कृतिक सम्पदाले समृद्ध छ। साल, सिसम, खयर, असनाजस्ता बहुमूल्य वनस्पतिले ढाकिएको यो वन चित्तल, निलगाई, मयूर, वनकुखुरा, बाँदरजस्ता वन्यजन्तुको सुरक्षित बासस्थानका रूपमा रहेको छ। स्थानीयका उपभोक्ताका अनुसार सामुदायिक वनमा कहिलेकाहीँ चितुवा र पाटेबाघ पनि देखापर्ने गर्दछन्। जसले वनको जैविक महत्वलाई अझ उच्च बनाएको छ।

वनको समथर भूभाग, हरियाली मैदान, नजिकै बग्ने स्याली नदी र सिमसार क्षेत्रले यसलाई प्राकृतिक रूपमा नै पर्यटकीय गन्तव्य बनाएको छ। यहाँको शान्त वातावरण, चिसो हावा र हरियालीले आन्तरिक पर्यटकका लागि उत्कृष्ट विश्रामस्थल बन्न सक्ने सम्भावना बोकेको छ।

सामुदायिक वनका पूर्वअध्यक्ष जयबहादुर ऐरका अनुसार यो क्षेत्रलाई योजनाबद्ध रूपमा विकास गर्न सकियो भने शुक्लाफाँटा क्षेत्रकै एक महत्त्वपूर्ण पर्यटकीय केन्द्र बन्न सक्छ। प्रकृति, वन्यजन्तु र संस्कृति तीनै कुरा एउटै ठाउँमा भेटिने भएकाले यो ठाउँको महत्व धेरै छ। आवश्यक पूर्वाधार विकास नहुँदा यसको सम्भावना प्रयोग हुनसकेको छैन।

नागेश्वर वनको अर्को विशेषता भनेको यहाँ बसोबास गर्ने राना तथा चौधरी थारू समुदाय हो। थारू समुदायको मौलिक जीवनशैली, परम्परागत घर, विशिष्ट खानपान र सांस्कृतिक नृत्यले यस क्षेत्रलाई सांस्कृतिक पर्यटनका लागि पनि आकर्षक बनाएको छ। पर्यटकलाई स्थानीय जीवनशैलीसँग जोड्ने होमस्टे अवधारणासमेत यहाँ सहजै लागू गर्न सकिने देखिन्छ।

स्थानीय धनबहादुर चौधरी भन्नुहुन्छ, "यति सुन्दर ठाउँ भएर पनि न त प्रचारप्रसार भएको छ, न आवश्यक पूर्वाधार बनेको छ।" उहाँका अनुसार योजना अभावकै कारण वन क्षेत्र पर्यटकीय गन्तव्यका रूपमा विकास हुनसकेको छैन। पूर्वपश्चिम महेन्द्र राजमार्गसँगै जोडिएको यस वनमा सहज पहुँच भए पनि व्यवस्थित प्रवेशद्वार, पदमार्ग, विश्रामस्थल, सूचना बोर्ड, भ्यूटावरजस्ता आधारभूत संरचना अभावमा पर्यटक आकर्षित गर्न नसकेको चौधरीको भनाइ छ।

वन संरक्षणकर्मी कृष्णबहादुर ऐरका अनुसार यदि वन क्षेत्रमा पदमार्ग निर्माण, बर्ड वाचिङ टावर, सिमसार व्यवस्थापन, थारू सांस्कृतिक सङ्ग्रहालय र होमस्टेजस्ता पूर्वाधार विकास गर्न सकियो भने यसलाई 'शुक्लाफाँटा उद्यान'का रूपमा विकास गर्न सकिन्छ।

सुनदेवी उपभोक्ता समितिका अध्यक्ष भरतबहादुर विष्टका अनुसार नागेश्वर वनलाई नजिकै रहेको हिरापुरको कृष्णसार संरक्षण क्षेत्र, तारा ताल र अन्य पर्यटकीयस्थलसँग जोडेर एकीकृत पर्यटन सर्किट निर्माण गर्न सकिन्छ।रासस

# सहज रूपमा विद्युत् महसुल सङ्कलनका लागि सेवाप्रदायक छनोट गर्दै प्राधिकरण

काठमाण्डु। नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल सङ्कलन प्रक्रियालाई थप सहज र सरल बनाउने उद्देश्यका साथ इच्छुक सेवा प्रदायकहरूसँग प्रस्ताव माग गरेको छ।

महसुल सङ्कलनका लागि आवश्यक सहजीकरणका लागि विद्युतीय माध्यमबाट काम गर्ने वा गराउने फर्मलाई प्रस्ताव पेस गर्नका लागि आग्रह गरेको हो। प्राधिकरणले सेवाप्रदायक संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, विद्युतीय माध्यमबाट कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट भुक्तानी सेवा प्रदायकको इजाजतपत्र प्राप्त गरेको प्रमाणपत्र आवश्यक पर्नेछ।

यस्तै, आयकर र मूल्य अभिवृद्धि कर, गत आवसम्मको कर चुक्ता प्रमाणपत्र, सेवा प्रदायक संस्थाको प्रबन्धपत्र र नियमावली पनि पेस गर्नुपर्नेछ। प्रस्तावित सेवाका लागि कानुनी रूपमा अयोग्य नभएको स्वघोषणा गर्नुपर्नेछ।प्राधिकरणबाट तोकिएबमोजिमको बैंक जमानत पेस गर्ने प्रतिबद्धतापत्र, दुगर्म क्षेत्रका ग्राहकले समेत विद्युतीय माध्यमबाट विद्युत् सङ्कलन गर्ने प्रतिबद्धतापत्र, सेवा प्रदायक संस्थाले अवलम्बन गर्ने प्रविधिबाट प्राधिकरणको आय तथ्याङ्कको



गोप्यता र सुरक्षा पर्याप्त रहने प्रतिबद्धता आवश्यक पर्दछ।

सङ्कलित रकम प्राधिकरणले तोकेबमोजिमको बैंक खातामा दाखिला गर्न गरेको मञ्जुरी, महसुल भुक्तानीका लागि आवश्यक एवं सञ्चालनमा रहेका विभिन्न माध्यमहरूबाट महसुल सङ्कलनका लागि बढीभन्दा बढी सुविधा दिन सक्नुपर्नेछ। सेवा प्रदायक संस्थामा कम्तीमा पनि पाँच जना विषयगत प्राविधिक दक्ष जनशक्तिको विवरण पनि पेस गर्नुपर्नेछ।


प्रस्तावकले प्रस्ताव पेस गर्दा कार्यक्षेत्रको विवरण उल्लेख गर्नुपर्नेछ। सेवा प्रदायक सञ्जाल एवं एजेन्सीहरूको विवरण, सेवा प्रदायकले प्राधिकरणको आय प्रणालीमा आबद्ध गर्ने व्यवस्था, सेवा प्रदायकले प्राधिकरणलाई उपलब्ध गराउने सफ्टवेयर एवं उपकरणको विवरण दिनुपर्नेछ। सेवा प्रदायकले प्राधिकरणसँग समन्वय गरी कार्य गर्ने तौरतरिका एवं प्रक्रिया र सङ्कलित रकम प्राधिकरणमा जम्मा गर्ने समय, तरिका र सोको सुरक्षणसम्बन्धी विवरण आवश्यक पर्नेछ।

प्राधिकरणको सूचनाअनुसार रु पाँच सयसम्म महसुल भुक्तानी गर्ने ग्राहकलाई निःशुल्क रूपमा सेवा प्रवाह गर्नुपर्नेछ। यस्तै, रु पाँच सय एकदेखि रु पाँच हजारसम्म महसुल तिर्ने ग्राहकलाई प्रतिकारोबार रु पाँच अधिकतममात्रै लिनुपर्ने सीमा निर्धारण गरिएको छ।प्राधिकरणको यो प्रस्तावअनुसार सेवाप्रदायकले शुल्क तोक्नुपर्नेछ।

त्यस्तै, रु पाँच हजार एकदेखि रु १० हजारसम्म महसुल तिर्ने ग्राहकलाई प्रतिकारोबार रु आठमात्रै लिनुपर्नेछ। यस्तै, रु १० हजार एकदेखि माथि प्रतिकारोबार अधिकतम रु १० सेवा शुल्क लिन पाइनेछ। प्राधिकरणले तोकेको यो प्रस्तावित सेवा शुल्कमा आधारित रहेर सेवा प्रदायकले शुल्क तोक्नुपर्नेछ। सेवा प्रदायकको प्रस्ताव स्वीकृत भएको जानकारी प्राधिकरणले दिएको १५ दिनभित्र बैंक जमानत लिई सम्झौताका लागि आउनुपर्नेछ। सुरक्षणका लागि न्यूनतम रु एक करोडबराबरको (क) श्रेणीको वाणिज्य बैंकबाट कम्तीमा एक बर्षको म्याद राखी जारी भएको शर्तसहितको बैंक जमानत राख्नुपर्नेछ।

बैंक जमानत राखेको भन्दा बढी रकम दैनिक सङ्कलन गर्न पाउनेछैन। सेवा प्रदायकले महसुल सङ्कलन गर्दा प्राधिकरणबाट कुनै सेवा शुल्क पाउनेछैन। सेवाप्रदायक र प्राधिकरणबीच कुनै विवाद भएको खण्डमा सञ्चालक समितिले तोकेको सञ्चालकको अध्यक्षतामा विवाद समाधान समिति गठन गरिनेछ। समितिमा प्राधिकरणका उपकार्यकारी निर्देशक, कानुन विभागका निर्देशक, सेवा प्रदायक संस्थाले नियुक्त गरेको एक जना प्रतिनिधि सदस्य रहनेछन्। यस्तै संस्थागत वित्तीय विभागका निर्देशक सदस्यसचिव रहने व्यवस्था गरिएको छ। रासस

# जन्ती सवारी जिप दुर्घटना हुँदा चार जनाको मृत्यु, १४ घाइते



काँक्रेविहार। सल्यानको बनगाड कुपिन्डे नगरपालिका-१२ पुथालास्थित भित्री सडकखण्डमा जन्ती सवार जिप दुर्घटना भएको छ। बनगाड कुपिन्डे-८ थाराबाट कालीमाटी लक्ष्मीपुरतर्फ विवाहको जन्ती लिएर जाँदै गरेको लुप्र०१००१ज ०२७१ नम्बरको जिप अनियन्त्रित भई दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक देवराज भट्टराईका अनुसार मृत्यु हुनेहरूमा कुपिण्डे नगरपालिका-८ का ५० वर्षीय टोपबहादुर थापा, ५० वर्षकै ठगे घर्ती, १९ वर्षीय कर्णबहादुर पुन र ३० वर्षीय मनबहादुर थापाको रहेका छन्।

दुर्घटनामा परेर १४ जना घाइते भएका छन्। घाइतेलाई उपचारका लागि सुर्खेतको मेहलकुनास्थित अस्पताल लगिएको। रासस

# गैंडाकोटमा कार्यान्वयनमा आएन संस्थागत विद्यालयको शुल्क निर्धारण मापदण्ड निर्देशिका

नवलपुर। नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट नगरपालिकाले संस्थागत विद्यालयको शुल्क निर्धारण गरेको छ। सङ्घीय सरकारले तयार पारेको निर्देशिकासँग बाँझिने गरी नगरपालिकाले शुल्क निर्धारण गरेको हो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२' जारी गरेको छ। निर्देशिकाले निजी विद्यालयको शुल्क सीमा निर्धारण गरेको छ। गैंडाकोट नगरपालिकाको २०८० चैत २९ गते बसेको १४औँ नगर कार्यपालिका बैठकले संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारण गरेको छ।

गैंडाकोटभित्र सञ्चालनमा रहेका विद्यालयलाई तीन वर्गमा वर्गीकरण गर्दै पालिकाले विद्यालयले लिन पाउने शुल्क नै तोकेर निर्णय गरेको छ। विद्यालयले लिन पाउने भर्ना शुल्क, वार्षिक शुल्क, मासिक शुल्क, परीक्षा शुल्क पालिकाले तोकेर निर्धारण गर्दा पालिकाले गरेको निर्णयमा परीक्षा शुल्क सङ्घीय सरकारले तोकेकोभन्दा दोब्बरले बढी लिन पाउने गरी निर्णय गरेको भेटिएको छ।

पालिकाले ग वर्गका लागि तोकेको शुल्कको थप १५ प्रतिशत रकम ख वर्गको विद्यालय र त्यसको थप १५ प्रतिशत रकम क वर्गको विद्यालयले लिन पाउने गरी शुल्क निर्धारण गरेको पाइएको छ।

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.१ को क्रम सङ्ख्या ३ मा परीक्षा शुल्क शीर्षकमा मापदण्ड विवरण प्रस्तुत गर्दै, 'प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतमा




नबढाइकन वार्षिक वा किस्तामा लिनुपर्नेछ। परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाण पत्र छपाइबापतको खर्च यसैभित्र समेट्नुपर्नेछ' भनी उल्लेख गरिएको छ।

गैंडाकोट नगरपालिकाको नगर कार्यपालिकाले गरेको निर्णय नम्बर १ को शुल्कका अन्य आधारहरूको क्रम सङ्ख्या ३ मा परीक्षा शुल्कबारे उल्लेख गरिएको छ। परीक्षा शुल्कको अधिकतम सीमा भनेर 'एक वर्षमा एक महिनाको मासिक शुल्क बराबर' शुल्क लिन पाउने भनेर निर्णय गरिएको छ।

शिक्षा मन्त्रालयको निर्देशिकाले तोकेको संस्थागत विद्यालयले लिन पाउने परीक्षा शुल्कसँग पालिकाले निर्णय गरेर तोकेको परीक्षा शुल्क बाझिएको भए पनि यसलाई सच्याउनतर्फ पालिकाले ध्यान दिएको छैन। गैंडाकोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका (नगर शिक्षा अधिकारी) डा बालकृष्ण चापागाईले सङ्घीय सरकारको निर्देशिका हेरेर नै आफूहरूले शुल्क निर्धारण सिफारिस गरेको बताउनुभयो।

"हामीले सङ्घीय शिक्षा नियमावलीअनुसार नै हुनेगरी शुल्क निर्धारण गरेका छौँ", उहाँले भन्नुभयो, "शिक्षा नियमावलीको सबै कुरा फलो गर्दा त अभिभावकले धेरै चर्को शुल्क तिर्नुपर्ने देखिएपछि हामीले शुल्क नै तोकेर निर्णय गराएका थियौँ।" यो परीक्षा शुल्क अहिल्यै पुनरावलोकन नभए पनि हरेक तीन वर्षमा शुल्क निर्धारण र पुनरावलोकन हुने चापागाईको भनाइ छ।

गैंडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारी भने सङ्घीय निर्देशिका विपरीत हुन गएको शुल्कलाई परिमार्जन गर्न सकिने बताउनुहुन्छ। "हामी सङ्घीय सरकारलाई चुनौती दिएर अगाडि बढ्न सक्दैनौँ, नियम पालन गरेर अगाडि बढ्ने हो", उहाँले भन्नुभयो, "हामी अब फेरि एकपटक निर्देशिका अध्ययन गर्छौं, निर्देशिका विपरीत भएको शुल्कलाई कार्यपालिका बैठकबाट पुनरावलोकन गराउँछौँ।" विद्यार्थीको हित र पढाइलाई गुणस्तरीय बनाउने गरी नगर कार्यपालिका बैठकले शुल्क निर्धारण गरेको अधिकारीको भनाइ छ।

गैंडाकोट नगरपालिका नगर कार्यपालिका बैठकले संस्थागत विद्यालयले लिन पाउने मासिक शुल्क भन्दै ग श्रेणीका विद्यालयका लागि पूर्वप्राथमिक तहका लागि अधिकतम दुई हजार ३०८ रुपैयाँ लिन पाउने व्यवस्था गर्दै एउटा कक्षामा बढीमा ३० विद्यार्थी राख्न पाइने व्यवस्था गरेको थियो।

त्यस्तै प्राथमिक तह (कक्षा १-५)का लागि अधिकतम रु दुई हजार ८७५ प्रत्येक माथिल्लो कक्षाका रु ५० वृद्धि गर्नसक्ने व्यवस्था गरेको थियो। निम्न माध्यमिक तह (कक्षा ६-८) का लागि रु तीन हजार १२७ शुल्क निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा रु १०० वृद्धि गर्नसक्ने व्यवस्था गरेको नगर शिक्षा अधिकारी चापागाईले बताउनुभयो।

त्यस्तै माध्यमिक तह (कक्षा ९-१०) का लागि रु तीन हजार ९३४निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा रु १५० वृद्धि गर्न सकिने निर्णय भएको चापागाईको भनाइ छ। उनका अनुसार कक्षा १ देखि कक्षा १० सम्म हरेक कोठामा अधिकतम ३३ जना विद्यार्थी राखेर अध्यापन गराउन पाइनेछ।

पालिकाले माध्यमिक तह (कक्षा ११-१२) का लागि रु चार हजार ५२५ मासिक शुल्क निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा रु २०० वृद्धि हुनसक्ने तथा एउठा कोठामा ४० जनासम्म विद्यार्थी राख्न पाउने निर्णय गरेको थियो।

विभिन्न १५ वटा शीर्षकमा विद्यालयले विद्यार्थीसँग शुल्क लिन पाउनेगरी पालिकाले निर्णय गरेको छ। यसैबीच, गैंडाकोट नगरपालिकाले यही वैशाख ९ गतेबाट नयाँ शैक्षिक सत्र सुरु गर्न विद्यालयलाई दिर्नेशन दिएको छ। पालिकाको निर्देशनअनुसार यहाँका संस्थागत विद्यालयहरूले वैशाख ९ गतेदेखि नै पढाइ सुरु गर्ने तयारी गरेका छन्। रासस

# गीत बज्छ स्रष्टा हराउँछन्



पोखरा। गीत बज्ने तर त्यसका स्रष्टा ओझेलमा पर्ने प्रवृत्तिविरुद्ध पोखराबाट सशक्त आवाज उठेको छ। अब कुनै पनि साङ्गीतिक प्रस्तुति दिँदा गीतकार, सङ्गीतकार र गायक/गायिकाको नाम अनिवार्य रूपमा उच्चारण गर्नुपर्ने माग सरोकारवालाहरूले गरेका छन्।

पोखरामा गीतकार प्रतिष्ठान, नेपालद्वारा आयोजित 'नेपाली गीत/सङ्गीतमा रचनाकार, सङ्गीतकार र गायक/गायिकाको भूमिका' विषयक अन्तरक्रियामा प्रस्तुत अवधारणापत्रमार्फत यस्तो माग अघि सारिएको हो। प्रतिष्ठानका अध्यक्ष अनुराग अधिकारीले साङ्गीतिक क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरेर सात बुँदे अवधारणापत्र तयार पारिएको जानकारी दिनुभयो।

अधिकारीका अनुसार अवधारणापत्रले एउटा गीत शब्द, सङ्गीत र स्वरको संयुक्त सृजना भएकाले तीनै पक्षको समान पहिचान सुनिश्चित हुनुपर्नेमा जोड दिइएको छ। त्यसअनुसार रियालिटी शो, प्रतियोगिता, मञ्चीय कार्यक्रम वा नृत्य प्रस्तुतिमा समेत गीतकार, सङ्गीतकार र गायक/गायिकाको नाम अनिवार्य उच्चारण गर्नुपर्ने प्रस्ताव गरिएको छ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले साङ्गीतिक क्षेत्रभित्र देखिएको पहिचानको समस्या समाधान गर्न अब केवल बहस होइन, व्यवहारमै परिवर्तन आवश्यक रहेको सन्देश पोखराबाट उठेको बताउनुभयो। गीतसँगै स्रष्टाको नाम पनि गुञ्जिने वातावरण बनाउन सकेमात्र सर्जकको सम्मान र अधिकार सुनिश्चित हुने तथा स्रष्टाको नाम उच्चारण गर्ने विषयमा विशेषगरी सञ्चारमाध्यमहरू सचेत हुनुपर्ने उहाँको भनाइ छ। उहाँले स्रष्टाले आफ्नो अस्तित्वको खोजी गरिरहेको उल्लेख गर्दै रोयल्टी व्यवस्थापनमा सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो।


वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले आफ्ना गीत अरूकै नाममा रेकर्ड हुने र प्रस्तुति दिँदा नामसमेत नलिइने अवस्थाप्रति दुःख व्यक्त गर्दै कार्यक्रम स्रष्टाको न्यायका लागि केन्द्रित भएको बताउनुभयो। उहाँले प्रतिलिपि अधिकारबारे सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिनुभयो। बिम्बकवि तथा गीतकार रमेश श्रेष्ठले स्रष्टाबिना सृजना सम्भव नहुने भन्दै स्रष्टालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। त्रिवेणी सङ्गीतालयका प्रबन्ध निर्देशक नवराज बरालले गुणस्तरीय सङ्गीत उत्पादनका लागि गीतकार, सङ्गीतकार र गायक/गायिकाबीच संवाद र सहकार्य आवश्यकतामा जोड दिनुभयो। रासस

# खोटाङ र उदयपुरमा भारी वर्षा

काठमाण्डु। पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव कायम रहँदा आज देशका विभिन्न जिल्लामा वर्षा भएको छ। खोटाङ र उदयपुरमा १२ घण्टामा भारी वर्षा भएको छ।

जल तथा मौसम विज्ञान विभागमा अहिले राति ९:३० बजेको अभिलेखअनुसार पछिल्लो १२ घण्टामा खोटाङको भैँसे लामीडाँडा स्टेशनमा ७५.२ मिलीमिटर र उदयपुरको गढीमा ४९.६ मिलीमिटर वर्षा भएको छ। अन्य विभिन्न ३५ जिल्लाहरूमा पनि वर्षा भएको छ।

विभागका अनुसार धनकुटामा ३०.८, कास्कीमा २३.६, पर्वतमा १९, ललितपुरमा



२०.६ र काभ्रेमा १६.२ मिलीमिटर वर्षा भएको छ। अन्य धेरै स्थानमा हल्का वर्षा भएको छ।

**तराईमा तापक्रम बढ्दै**

तराई क्षेत्रमा भने तापक्रम बढिरहेको विभागले जनाएको छ। विभागका मौसमविद् सरोज पुडासैनीले उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षा भइरहँदा तराई क्षेत्रमा तातो बढिरहेको बताउनुभयो। यो क्रम अझै केही दिन रहने छ।

विभागबाट प्राप्त विवरणअनुसार आज सबैभन्दा बढी अधिकतमक तापक्रम नेपालगन्जमा ३९, दिपायलमा ३८.८ र धनगढीमा ३८.२ डिग्री मापन गरिएको छ। काठमाडौँमा अधिकतम तापक्रम २८.४ डिग्री रहेको छ।

वैशाख ६ गते कोशी प्रदेशलगायत बाँकी पहाडी र हिमाली भूभागमा साधारणतया बादल लाग्ने र तराई भूभागमा आंशिक बादल लाग्ने बताइएको छ। कोशी प्रदेशलगायत बागमती, गण्डकी र लुम्बिनी प्रदेशका हिमाली र पहाडी भूभागको थोरै स्थानहरूमा साथै कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ। रासस

# बिस्केट जात्रा समापन

भक्तपुर। भक्तपुरमा आठ रात नौ दिनसम्म भव्य रूपमा मनाइने प्रसिद्ध बिस्केट जात्रा आज भैरवको रथ तान्दै समापन भएको छ।


गत चैत २७ गते तौमढीबाट भैरवको रथ तानेर सुरु भएको यो जात्राको आज अन्तिम दिन दिउँसो ४:०० बजे गःहिटीबाट भैरवको रथ तानेर जात्रा सम्पन्न गर्ने गुठी कार्यालय भक्तपुरका प्रमुख आनन्द कर्माचार्यले जानकारी दिनुभयो। आइतबार अपराह्नसम्म सबै पूजाहरू सम्पन्न गरी ५:०० बजेदेखि भैरवको रथ तान्न सुरु भएको हो। रथ गःहिटीबाट तानेर सुकुलढोका हुँदै तीनढुङ्गे पुर्‍याएपछि दत्तात्रयतर्फ लैजाँदै गरेको रथ पुनः सुकुलढोका हुँदै तौमढीमै ल्याइपुर्‍याएको छ।

स्थानीय हजारौँको भीडले भैरवको रथ तान्ने क्रममा राति ९:०० बजे पुनः तौमढी ल्याइपुर्‍याएको छ। रथलाई तल्लो बस्तीका बासिन्दाले तानेर गःहिटी हुँदै वंशगोपालतर्फ लैजान तान्ने क्रम जारी रहेको छ। आज रथ तानेर सम्पन्न भएपछि भैरव देवतालाई रथबाट निकाली देवता घर भित्र्याएपछि जात्रा सम्पन्न हुने उहाँले जानकारी दिनुभयो।

जात्रा राति ९:०० बजेसम्म शान्ति पूर्ण रूपमा सञ्चालन भएको छ। रथ तान्ने क्रममा कुनै अप्रिय घटना नभए पनि रथले किचेर एक जना घाइते भएपछि भक्तपुर अस्पतालमा उपचार भइरहेको छ। रथ तान्ने क्रममा रथलाई तौमढीबाट माथि र तल लैजाने क्रममा झडप हुनसक्ने भएकाले यसलाई रोक्न जिल्ला प्रशासन कार्यालय भक्तपुरले आज दुई हजार सुरक्षाकर्मी परिचालन गरेको छ। भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बिस्केट जात्रामा हुलदङ्गा हुन नदिन र शान्तिपूर्ण रूपमा जात्रा सम्पन्न गराउन सुरक्षा व्यबसथा कडा गरिएको बताउनुभयो।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले सुरक्षाका लागि जात्रामा आज दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिनुभयो। उहाँले जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आह्वान गर्दै झडप भएमात्रै प्रहरी जात्रास्थल पुग्ने बताउनुभयो।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान, नेपाली सेनासहितको सुरक्षा टोली खटाइएको जानकारी दिँदै उहँले जात्रा भड्काउन खोज्ने, ढुङ्गा हान्ने र हुलदङ्गा गर्न खोज्नेलाई पक्राउ गरी कडा कारबाही गरिने उहाँले बताउनुभयो। जात्राका लागि काठमाडौँबाट समेत थप प्रहरीको मद्दत ल्याएको बताउँदै सादा पोशाकमा सुरक्षाकर्मी जात्राका लागि खटिएको बताउनुभयो। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कसरी धान्ने महँगी ?

देशमा पहिलो पटक ऐतिहासिक बहुमत सहितको सरकार गठन भएको एक महिना नपुग्दै बजारमा खाद्य सामग्री, फलफुल, तरकारी, पेट्रोलियम पदार्थ लगायतका वस्तुहरुको मूल्य अकासिएको छ । बजारमा केराको मूल्य प्रति दर्जन ३ सयदेखि ५ सय रुपैयाँ पुगेको छ । अन्य फलफुलको मूल्य पनि वृद्धि भएको छ । तरकारीको मूल्यमा त आगो नै लागेको छ । किसानले कति रुपैयाँ पाइरहेका छन् । त्यो सरकारले अनुसन्धान गर्नु पर्नेछ । तर उपभोक्ताले अनपेक्षित रुपमा महँगीको समाना गर्नु परिरहेको छ । सरकारले केही वस्तुहरुको अयातमा नै रोक लगाएको छ । खानेतेलको आयातमा सरकारले रोक लगाएको नेपाली तेलमा परेको छ । प्रति लिटर मूल्य वृद्धिले उपभोक्ता मारमा परेका छन् । नेपालमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि दक्षिण एसियामै सबैभन्दा बढी भएको छ । नेपालमा भारत आयल निगमले परल दरमा नै पेट्रोलियम पदार्थ उपलब्ध गराउँदै आएको छ । तर भारतको भन्दा नेपालमा पेट्रोलियम पदार्थको मूल्य धेरै बढी छ । पेट्रोलियम पदार्थको मूल्य वृद्ध भएसंगै त्यसको असर सबै क्षेत्रमा परेको छ । सवारी साधनको भाडामा भारी वृद्धि भएको छ । पेट्रोलियम पदार्थमा पहिलो पटक मूल्य वृद्धि भएको होइन । विगतमा पनि मूल्य वृद्धि भएको थियो । तर सरकारले त्यसलाई बेलगाम गर्न हुँदैन । पेट्रोलियम पदार्थको मूल्य अत्यधिक वृद्धि भए पनि नेपाल आयल निगम घाटामा रहेको तथ्यांक प्रस्तुत गरिरहेको छ । तर निगमका कर्मचारीहरुले पाउने सेवा सुविधाहरुमा कुनै कटौती हुँदैन । कर्मचारीले बोनस समेत पाउँछन् । अनेक प्रकारको भत्ता लिन्छन् । निगम घाटामा गएको बेला कर्मचारीले पनि केही सुविधा त्याग गरेको भए पनि हुने थियो । निगमका कर्मचारीहरुले सेवा सुविधा लिने र उपभोक्तालाई मार्ने काम गर्न सरकारले रोक्नु पर्छ । नेपाल फलफुलमा आत्म निर्भर रहेको छैन । विदेशबाट आयात गर्नै पर्छ । लत्ताकपडामा नेपाल आत्म निर्भर छैन । अन्नमा पनि नेपाल आत्म निर्भर छैन । त्यसको लागि अयातमा जोड दिनु भन्दा उत्पादन बढाउन सरकारले किसानलाई सुविधाहरु उपलब्ध गराउनु पर्छ । त्यसो नगरी सोझै सीमा क्षेत्रमा कडाइ गर्दा महँगी चर्किनु अस्वभाविक होइन । नेपालमा नयाँ सरकारसित थुप्रै अपेक्षा छ । लामो समयदेखि पुराना दलका नेताहरुको अनियमितता लगायतले जनता आक्रोशित थिए । विकल्पको रुपमा नयाँ सरकार गठन भएको छ । सरकार गठन भए लगतै शुरु भएको महँगीले विकास निर्माणको कार्य समेत प्रभावित भएको छ । सरकारले मूल्यलाई नियन्त्रण गर्न ठोस उपाय अबलम्बन गर्न आवश्यक छ । बजारमा सरकारको नियन्त्रण आवश्यक छ । देशको आर्थिक अवस्थामा सुधार ल्याउन तस्करी रोक्नु पर्छ । सरकारले जनतालाई राहत दिनुपर्छ ।

# तराई-मधेशमा ‘१०० रुपैयाँ सीमा’ : नीति, यथार्थ र जनजीवनबीचको द्वन्द्व



सुजीत कुमार झा

तराई-मधेश क्षेत्रमा हालै लागू गरिएको भारतीय सीमाबाट रु १०० भन्दा बढी मूल्यका सामान ल्याउन नपाइने व्यवस्था अहिले व्यापक बहस र विवादको केन्द्र बनेको छ। पहिलो दृष्टिमा यो निर्णय राजस्व चुहावट नियन्त्रण र अवैध व्यापार रोक्ने उद्देश्यले गरिएको जस्तो देखिए पनि यसको प्रभाव मात्रै आर्थिक क्षेत्रमा सीमित छैन । यो निर्णयले जनताको दैनिक जीवन, सामाजिक सम्बन्ध र सीमावर्ती क्षेत्रको वास्तविकतामाथि प्रत्यक्ष असर पारिरहेको छ ।

नेपाल-भारतबीचको सम्बन्ध मात्रै दूई देशबीचको कूटनीतिक सम्बन्ध होइन, यो जनस्तरमा गाँसिएको, भावनात्मक र ऐतिहासिक सम्बन्ध हो । विशेषगरी तराई-मधेश क्षेत्रमा यो सम्बन्ध अझ गहिरो रूपमा देखिन्छ। चेलीबेटीको सम्बन्ध, माइती-ससुरालीको आवतजावत, पारिवारिक भेटघाट, साना-साना कोशेली आदान-प्रदान–यी सबै यहाँको जीवनशैलीको अभिन्न हिस्सा हुन्। यस्तो अवस्थामा रु १०० भन्दा बढीको सामानलाई सीमामा रोक्नु प्रशासनिक कडाइ मात्र होइन, सामाजिक यथार्थप्रति असंवेदनशील व्यवहार पनि हो ।

कल्पना गरौँ–कुनै छोरी माइतीबाट ससुराली फर्कँदैछिन् र उनले स्नेहस्वरूप ल्याएको सानो उपहार वा मिठाईलाई ‘अवैध’ भन्दै रोकिन्छ । यस्तो व्यवहारले मात्रै एउटा सामान रोकेको हुँदैन, यसले सम्बन्धको आत्मीयता र सम्मानमाथि पनि चोट पुऱ्याउँछ। यसकारण यो नीति व्यवहारिकभन्दा बढी असहज र अव्यवहारिक देखिएको छ ।

निश्चय पनि, अवैध व्यापार रोक्नु राज्यको जिम्मेवारी हो। सीमावर्ती क्षेत्रमा लामो समयदेखि साना-ठूला व्यापारीहरूले कर छलेर सामान ओसार पसार गर्ने प्रवृत्ति रहेको छ। यसले सरकारी राजस्वमा क्षति पुऱ्याउने मात्र होइन, स्वदेशी उद्योग र बजारलाई पनि असर गर्छ। त्यसैले नियन्त्रण आवश्यक छ भन्नेमा दुई मत छैन। तर प्रश्न उठ्छ–के यस्तो नियन्त्रण आम नागरिकलाई दुःख दिएर गर्ने हो ?

रु १०० जस्तो न्यून सीमा तोक्नु आफैँमा विवादास्पद छ। आजको महँगीको युगमा रु १०० ले कुनै अर्थपूर्ण वस्तु किनमेल गर्न पनि गाह्रो छ। यस्तो अवस्थामा यो सीमा व्यवहारिकभन्दा बढी ‘ प्रतीकात्मक’ र ‘हास्यास्पद’ जस्तो देखिन्छ । यसले अवैध व्यापार नियन्त्रणभन्दा बढी सामान्य नागरिकलाई अनावश्यक हैरानी दिने सम्भावना बढाउँछ ।

यस विषयमा विगतका केही नीतिगत निर्णयहरू पनि स्मरणीय छन् । कुनै समय आलु-प्याजमा भ्याट लगाउने निर्णय गरिएको थियो। उद्देश्य स्वदेशी उत्पादनलाई संरक्षण गर्ने नै थियो । तर त्यसको प्रभाव उल्टो देखियो । बजारमा मूल्य दोब्बर बढ्यो, उपभोक्ता मारमा परे र किसानले अपेक्षित लाभ पाएनन्। यसको मुख्य कारण नीति निर्माणमा यथार्थको अभाव थियो । खेतमा काम गर्ने जनशक्ति अभाव, उत्पादन लागत उच्च, बजार पहुँच कमजोर–यी समस्यालाई सम्बोधन नगरी मात्रै कर लगाएर समाधान खोज्न खोजियो, जसले उल्टै समस्या बढायो ।

आज पनि त्यही गल्ती दोहोरिने खतरा देखिन्छ। सीमामा रु. १०० को सीमा लगाएर सरकारले अवैध व्यापार रोक्ने प्रयास गरेको छ, तर यसले वास्तविक समस्या समाधान गर्छ कि नयाँ समस्या सिर्जना गर्छ भन्ने गम्भीर प्रश्न उठेको छ ।



तराई-मधेशको आर्थिक संरचना विशिष्ट छ । यहाँका धेरै मानिसको जीवन सीमापारि साना-ठूला कारोबार, किनमेल र आवतजावतमा आधारित छ । स्थानीय बजारहरू एक-अर्कासँग अन्तरनिर्भर छन् । भारतीय बजार गुल्जार हुनु र नेपाली बजार सन्नाटा हुनुको कारण मात्रै मूल्य अन्तर होइन, नीति र संरचनागत कमजोरी पनि हो ।

यदि नेपाली बजारमा सामान महँगो छ, गुणस्तर कमजोर छ वा उपलब्धता कम छ भने उपभोक्ता स्वाभाविक रूपमा सस्तो र सहज विकल्पतर्फ जान्छन् । यस्तो अवस्थामा सीमामा कडाइ गरेर मात्र समस्या समाधान हुँदैन । बरु यसले कालोबजारी, भ्रष्टाचार र अवैध बाटोको प्रयोग बढाउने जोखिम हुन्छ ।

अर्कोतर्फ, किसानको अवस्था अझै दयनीय छ। उत्पादन लागत बढ्दो छ, बजार सुनिश्चित छैन, मूल्य स्थिर छैन । कतिपय अवस्थामा किसानले उत्पादनको लागतसमेत उठाउन सक्दैनन् । यस्तो अवस्थामा युवा जनशक्ति विदेश पलायन हुनु स्वाभाविक छ । खेती पेशा ‘काम चलाउ’ मात्र बनेको छ। यदि राज्यले किसानमैत्री नीति ल्याउन सकेन भने उत्पादन बढ्ने सम्भावना न्यून हुन्छ ।

त्यसैले समस्या सीमामा होइन, संरचनामा छ । जबसम्म उत्पादन, बजार, मूल्य र वितरण प्रणाली सुदृढ हुँदैन, तबसम्म यस्ता सतही उपायले दीर्घकालीन समाधान दिन सक्दैनन् ।

सरकारले यदि वास्तवमै राजस्व बढाउन र अवैध व्यापार नियन्त्रण गर्न चाहन्छ भने केही आधारभूत सुधार आवश्यक छन् । पहिलो, भन्सार दरलाई व्यवहारिक बनाउनु आवश्यक छ । अत्यधिक भन्सारले अवैध आयातलाई प्रोत्साहन गर्छ । दोस्रो, व्यक्तिगत प्रयोग र व्यापारिक उद्देश्यबीच स्पष्ट भिन्नता छुट्याउनु जरुरी छ । सानो परिमाणमा ल्याइने सामानलाई व्यापारिक रूपमा व्यवहार गर्नु अनुचित हुन्छ ।

तेस्रो, सीमावर्ती क्षेत्रको सामाजिक र सांस्कृतिक यथार्थलाई ध्यानमा राख्नुपर्छ। नीति मात्रै काठमाण्डुमा बसेर बनाउने होइन, स्थानीय स्तरको अनुभव र आवश्यकता बुझेर बनाउनुपर्छ । ‘काठमाण्डु केन्द्रित सोच’ ले बारम्बार यस्ता समस्या निम्त्याएको देखिन्छ ।

चौथो, आन्तरिक उत्पादन बढाउनेतर्फ ध्यान दिनुपर्छ । किसानलाई प्रोत्साहन, सहुलियत ऋण, बजार पहुँच र न्यूनतम समर्थन मूल्य (ःक्ए) जस्ता उपाय अपनाउन सकिन्छ । भारतमा हरियाणा र पञ्जाबमा लागू गरिएको ःक्ए प्रणालीले किसानको मनोबल बढाएको उदाहरण हामीसँग छ ।

पाँचौं, प्रशासनिक सुधार पनि आवश्यक छ । सीमामा हुने अनियमितता, बिचौलियाको भूमिका र भ्रष्टाचार नियन्त्रण नगरी कुनै पनि नीति प्रभावकारी हुन सक्दैन ।


अन्ततः, नीति निर्माणमा सन्तुलन आवश्यक हुन्छ । मात्र राजस्व वृद्धि वा नियन्त्रणको दृष्टिले मात्र निर्णय गर्दा त्यसको सामाजिक र मानवीय पक्ष ओझेलमा पर्न सक्छ । अहिलेको ‘१०० रुपैयाँ सीमा’ त्यही असन्तुलनको उदाहरण बनेको छ ।

सरकारसँग अझै समय छ–यस विषयमा पुनर्विचार गर्ने । जनताको आवाज सुन्ने, व्यवहारिक समाधान खोज्ने र नीति संशोधन गर्ने । यदि समयमै सुधार गरिएन भने यो नीति राजस्वभन्दा बढी जनआक्रोशको कारण बन्न सक्छ ।

तराई-मधेशको वास्तविकता बुझेर, जनताको जीवनशैलीलाई सम्मान गर्दै र आर्थिक यथार्थलाई आधार मानेर नीति बनाइयो भने मात्र दीर्घकालीन समाधान सम्भव छ । अन्यथा, यस्ता निर्णयहरूले समस्या समाधानभन्दा बढी अविश्वास र असन्तुष्टि बढाउनेछन् ।

अन्त्यमा, राज्यले सम्झनुपर्ने एउटा मूल कुरा छ–नीति जनताका लागि बनाइन्छ, जनताविरुद्ध होइन । यदि नीति जनजीवनसँग मेल खाँदैन भने त्यो कागजमै सीमित रहन्छ । त्यसैले संवेदनशीलता, व्यवहारिकता र दूरदृष्टि–यी तीन आधारमा मात्र सफल नीति निर्माण सम्भव छ ।

# नेपाल-भारत सम्बन्ध: इतिहास, मधेस र वर्तमान चुनौती



प्रेमचन्द्र झा

नेपाल-भारत सम्बन्धबारे बहस चलिरहँदा सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली मधेसी समुदायको दैनिक जीवनसँग जोडिएका विषयहरू फेरि एकपटक राष्ट्रिय विमर्शको केन्द्रमा आएका छन्। विशेषगरी भारतीय बजारबाट किनिने दैनिक उपभोग्य वस्तुमा कर लगाउने सरकारी निर्णयले सीमावर्ती जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको भन्दै व्यापक असन्तोष व्यक्त भइरहेको छ। तर यो विषयलाई केवल भावनात्मक प्रतिक्रिया वा तात्कालिक असन्तोषको रूपमा बुझ्नु पर्याप्त हुँदैन; यसको गहिराइ राज्य संरचना, आर्थिक नीतिको चरित्र, भूराजनीतिक यथार्थ र ऐतिहासिक सम्बन्धको जटिल अन्तर्क्रियासँग जोडिएको छ।

नेपाल र भारतबीचको सम्बन्ध सामान्य छिमेकी सम्बन्धभन्दा फरक हुनुको मूल कारण केवल सांस्कृतिक निकटता मात्र होइन, बरु संरचनागत अन्तर निर्भरता पनि हो। खुला सिमाना, श्रम बजारको आदानप्रदान, उपभोग्य वस्तुको आपूर्ति श्रृंखला र पारिवारिक सम्बन्धले दुई देशलाई व्यवहारतः अर्ध-एकीकृत सामाजिक-आर्थिक क्षेत्रमा रूपान्तरण गरेको छ। यस्तो अवस्थामा एकपक्षीय रूपमा कडा आर्थिक नीति लागू गर्दा त्यसको प्रभाव सीमावर्ती समाजमा असमान रूपमा पर्नु स्वाभाविक हुन्छ। यसैले कर नीतिको विरोधलाई केवल “राजस्व नतिर्न खोज्ने प्रवृत्ति”का रूपमा व्याख्या गर्नु विश्लेषणको सरलीकरण हुनेछ।

सीमावर्ती अर्थतन्त्रको आफ्नै प्रकृति हुन्छ, जुन केन्द्र-परिधि सम्बन्धको सिद्धान्तमार्फत बुझ्न सकिन्छ। राजधानी-केन्द्रित नीति निर्माणले परिधीय क्षेत्रको यथार्थलाई अक्सर बेवास्ता गर्छ। मधेस क्षेत्रको सन्दर्भमा हेर्दा, बजार पहुँच, मूल्य अन्तर, ढुवानी लागत र आपूर्ति प्रणालीका कारण भारतीय बजारसँगको निर्भरता केवल रोजाइ होइन, आवश्यकता बनेको छ। यदि नेपालतर्फ समान गुणस्तरका वस्तु उच्च मूल्यमा उपलब्ध छन् भने उपभोक्ताले नजिकको सस्तो बजार रोज्नु आर्थिक रूपमा तर्कसंगत व्यवहार हो। यस्तो व्यवहारलाई करद्वारा दण्डित गर्दा राज्यले वस्तुतः बजार यथार्थसँग टकराव गरिरहेको हुन्छ।

यही बिन्दुमा कर नीतिको उद्देश्य र कार्यान्वयनबीचको अन्तर स्पष्ट देखिन्छ। राज्यले राजस्व वृद्धि, वैध व्यापार प्रवर्द्धन र अनौपचारिक अर्थतन्त्र नियन्त्रण गर्ने लक्ष्य राखेको हुन सक्छ। तर, यदि नीति कार्यान्वयनले साना उपभोक्तालाई मात्र समेट्छ र ठूला तस्करी सञ्जाललाई प्रभावकारी रूपमा समेट्न सक्दैन भने त्यसले साना उपभोक्तालाई बढि असर पर्ने कर अर्थात् कम आय भएका र दैनिक उपभोगमा निर्भर समुदाय बढी प्रभावित हुन्छन्। यसले आर्थिक असमानता मात्र होइन, राज्यप्रति असन्तोष पनि बढाउँछ।

तस्करीको प्रश्न यहाँ केन्द्रीय रूपमा जोडिन्छ। सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार केवल व्यक्तिगत स्तरको गतिविधि होइन; यसमा संगठित नेटवर्क, संरक्षण प्रणाली र अन्तरदेशीय समन्वयको अभाव जस्ता पक्षहरू जोडिएका हुन्छन्। यस्तो जटिल समस्यालाई साना परिमाणमा वस्तु ल्याउने सर्वसाधारणमाथि कडाइ गरेर समाधान गर्न खोज्नु नीतिगत रूपमा कमजोर रणनीति देखिन्छ। यसले वास्तविक समस्याको मूल कारणलाई सम्बोधन नगरी लक्षण मात्र नियन्त्रण गर्ने प्रयास जस्तो देखिन्छ।

मधेस क्षेत्रसँग जोडिएको अर्को महत्वपूर्ण आयाम पहिचान र प्रतिनिधित्वको हो। ऐतिहासिक रूपमा मधेसी समुदायले राज्य संरचनामा पर्याप्त प्रतिनिधित्व नपाएको गुनासो गर्दै आएका छन्। यस्तो पृष्ठभूमिमा जब कुनै नीति उनीहरूको दैनिक जीवनमा प्रत्यक्ष असर पार्छ, त्यसलाई केवल आर्थिक निर्णयको रूपमा होइन, राजनीतिक सन्देशको रूपमा पनि व्याख्या गरिन्छ। यसले नीतिगत असहमति छिट्टै पहिचान-आधारित असन्तोषमा रूपान्तरण हुने जोखिम बढाउँछ।

खुला सिमानाको व्यवस्थापनलाई लिएर पनि पुनर्विचार आवश्यक देखिन्छ। सिमाना पूर्ण रूपमा खुला राख्ने वा पूर्ण रूपमा नियन्त्रण गर्ने–यी दुई चरम विकल्पबीच व्यवहारिक समाधान खोज्नुपर्ने अवस्था छ। “स्मार्ट बोर्डर म्यानेजमेन्ट”को अवधारणा यहाँ सान्दर्भिक हुन सक्छ, जसले प्रविधि, डेटा आदानप्रदान र जोखिम-आधारित निगरानीमार्फत वैध आवतजावतलाई सहज बनाउँदै अवैध गतिविधि नियन्त्रण गर्न मद्दत गर्छ। तर यस्तो प्रणाली प्रभावकारी हुन दुबै देशबीच उच्च स्तरको विश्वास र समन्वय आवश्यक हुन्छ।

नेपालतर्फको संरचनागत कमजोरी पनि यस बहसको महत्वपूर्ण पक्ष हो। यदि सीमावर्ती क्षेत्रमा पर्याप्त बजार, भण्डारण सुविधा, प्रतिस्पर्धी मूल्य र गुणस्तरीय वस्तु उपलब्ध हुँदैनन् भने उपभोक्तालाई वैकल्पिक व्यवहार रोज्न बाध्य पार्नु व्यवहारिक हुँदैन। त्यसैले कर नीतिसँगै आपूर्ति पक्ष सुधार गर्ने रणनीति अनिवार्य हुन्छ। अन्यथा, करले केवल अनौपचारिक मार्गलाई अझ प्रोत्साहित गर्ने सम्भावना रहन्छ।

कूटनीतिक स्तरमा पनि यो विषय संवेदनशील छ। नेपाल-भारत सम्बन्धमा कुनै पनि सानो नीतिगत परिवर्तनले ठूलो सामाजिक प्रभाव पार्न सक्छ, विशेष गरी सीमावर्ती क्षेत्रमा। त्यसैले यस्ता निर्णयहरू एकपक्षीय रूपमा लागू गर्नु भन्दा द्विपक्षीय संवादमार्फत समन्वय खोज्नु दीर्घकालीन रूपमा लाभदायक हुन्छ। खुला सिमानाको विशेषता नै सहमतिमा आधारित लचिलोपन हो; त्यसलाई कठोर प्रशासनिक नियन्त्रणमा रूपान्तरण गर्दा सम्बन्धको आधार कमजोर हुन सक्छ।

समग्रमा हेर्दा, वर्तमान विवादले नेपालमा नीति निर्माण प्रक्रियाको एउटा गम्भीर चुनौती उजागर गरेको छ–केन्द्रले बनाएको नीति कति हदसम्म स्थानीय यथार्थसँग मेल खान्छ? यदि नीति निर्माणमा स्थानीय आवाज समेटिँदैन भने कार्यान्वयन चरणमा प्रतिरोध स्वाभाविक हुन्छ। त्यसैले समाधानको पहिलो चरण नै सहभागितामूलक नीति निर्माण हुनुपर्छ, जहाँ सीमावर्ती समुदायका प्रतिनिधि, स्थानीय निकाय र सरोकारवालाहरू प्रत्यक्ष रूपमा संलग्न हुन्छन्।

अन्ततः, यो प्रश्न केवल करको होइन; यो राज्यको वैधता, जनविश्वास र सीमावर्ती समाजसँगको सम्बन्धको प्रश्न हो। यदि राज्यले आफ्नो नीतिलाई न्यायोचित, व्यवहारिक र समावेशी बनाउन सक्छ भने मात्र दीर्घकालीन स्थायित्व सुनिश्चित हुन्छ। अन्यथा, साना निर्णयहरूले पनि ठूलो सामाजिक दूरी सिर्जना गर्न सक्छन्।

नेपाल-भारत सम्बन्धको वास्तविक बल कूटनीतिक कागजमा होइन, जनस्तरको विश्वासमा निहित छ। यही विश्वासलाई आधार मानेर नीतिगत सुधार, आर्थिक सन्तुलन र पारस्परिक सहकार्यलाई अघि बढाउन सके मात्र वर्तमान जस्ता विवादहरू समाधानतर्फ उन्मुख हुन सक्छन्। सीमावर्ती जनताको जीवनयापनलाई सहज बनाउने र राज्यको संरचनागत कमजोरी सुधार गर्ने दिशामा ठोस पहल नगरी केवल नियन्त्रणमुखी उपाय अपनाउनु दीर्घकालीन समाधान बन्न सक्दैन।

यस बहसलाई अझ गहिरो रूपमा हेर्दा अर्को महत्वपूर्ण पक्ष देखिन्छ–राज्यको कर संरचना र त्यसको सामाजिक न्यायसँगको सम्बन्ध। कर नीति केवल राजस्व संकलनको माध्यम मात्र होइन; यो राज्यले नागरिकसँग कसरी व्यवहार गर्छ भन्ने संकेत पनि हो। जब करको भार असमान रूपमा सीमावर्ती, आर्थिक रूपमा संवेदनशील र संरचनागत रूपमा पछाडि पारिएका समुदायमाथि पर्छ, तब यसले करको वैधतामाथि नै प्रश्न उठाउँछ। कर तिर्ने क्षमता, पहुँच र विकल्पको अभावलाई बेवास्ता गरेर लागू गरिएको नीति व्यवहारिक भन्दा पनि प्रशासनिक देखिन्छ, जसले दीर्घकालीन रूपमा कर अनुपालन घटाउने जोखिम बढाउँछ।

यस सन्दर्भमा “इन्फर्मल इकोनोमी” अर्थात् अनौपचारिक अर्थतन्त्रको भूमिका पनि उल्लेखनीय छ। सीमावर्ती क्षेत्रमा औपचारिक व्यापारिक संरचना कमजोर हुँदा अनौपचारिक कारोबार नै मुख्य माध्यम बन्छ। यस्तो अवस्थामा राज्यले अचानक कडाइ गर्दा बजार पूर्ण रूपमा औपचारिकतर्फ सर्ने होइन, बरु अझ जटिल र लुकेका मार्गतर्फ सर्न सक्छ। यसले न त राजस्व बढाउँछ, न त पारदर्शिता; उल्टै नियन्त्रण बाहिरको गतिविधि बढाउने सम्भावना रहन्छ। त्यसैले कर नीति सुधारसँगै अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिकतर्फ रूपान्तरण गर्ने दीर्घकालीन रणनीति आवश्यक हुन्छ।

अर्कोतर्फ, सीमावर्ती जनताको मनोविज्ञान बुझ्न पनि उत्तिकै जरुरी छ। उनीहरूका लागि सीमा केवल राजनीतिक रेखा होइन; यो दैनिक जीवनको एउटा पारगमन बिन्दु हो। परिवार, रोजगारी, शिक्षा, स्वास्थ्य–यी सबै आवश्यकता सीमापार नै पूरा हुने अवस्था छ। यस्तो अवस्थामा राज्यले अचानक नियन्त्रण कडा पार्दा त्यसलाई बाह्य हस्तक्षेपको रूपमा अनुभव गरिन्छ। यसले केवल आर्थिक असन्तोष मात्र होइन, भावनात्मक दूरी पनि सिर्जना गर्न सक्छ। राज्यप्रति अपनत्व घट्दै जानु कुनै पनि लोकतान्त्रिक प्रणालीका लागि दीर्घकालीन चुनौती हो।

नीतिगत दृष्टिले हेर्दा, “वन साइज फिट्स अल” अर्थात् एउटै नीति सबै ठाउँमा लागू गर्ने प्रवृत्ति नै मूल समस्या देखिन्छ। हिमाली क्षेत्र, पहाडी क्षेत्र र मधेस–यी तीनै भौगोलिक क्षेत्रका आर्थिक संरचना, बजार पहुँच र सामाजिक अभ्यास फरक छन्। तर नीति निर्माण प्रायः समान ढाँचामा गरिन्छ। यसले सीमावर्ती क्षेत्रका लागि अनुपयुक्त परिणाम दिन्छ। त्यसैले भौगोलिक र सामाजिक विविधतालाई स्वीकार गर्दै क्षेत्रविशेष नीति निर्माण गर्नु आजको आवश्यकता हो।

यससँगै संघीय संरचनाको प्रभावकारिता पनि परीक्षणको अवस्थामा देखिन्छ। स्थानीय सरकारहरूलाई सीमावर्ती व्यवस्थापन, बजार नियमन र स्थानीय कर संरचना निर्धारणमा कति अधिकार दिइएको छ भन्ने प्रश्न उठ्छ। यदि स्थानीय तहलाई पर्याप्त अधिकार र स्रोत उपलब्ध गराइयो भने उनीहरूले आफ्नो क्षेत्रअनुसार व्यवहारिक समाधान खोज्न सक्छन्। केन्द्रबाट निर्देशित कडा नीति भन्दा स्थानीय स्तरको लचिलो व्यवस्था धेरै प्रभावकारी हुन सक्छ।

नेपाल-भारत सम्बन्धको व्यापक सन्दर्भमा हेर्दा, यस्तो प्रकारको आन्तरिक नीति विवादले द्विपक्षीय सम्बन्धमा अप्रत्यक्ष असर पार्न सक्छ। सीमावर्ती असन्तोषले सीमापार सामाजिक सम्बन्धमा तनाव सिर्जना गर्ने सम्भावना रहन्छ, जसले दीर्घकालीन रूपमा विश्वासमा असर पुऱ्याउन सक्छ। त्यसैले आन्तरिक नीति बनाउँदा बाह्य प्रभावको पनि मूल्याङ्कन गर्नु आवश्यक हुन्छ। विशेषगरी खुला सिमाना भएका दुई देशबीच यस्तो संवेदनशीलता झन् महत्वपूर्ण हुन्छ।

अर्को महत्वपूर्ण पक्ष भनेको सूचना र सञ्चारको अभाव हो। धेरैजसो अवस्थामा नीति किन ल्याइयो, यसको उद्देश्य के हो र कसरी कार्यान्वयन हुन्छ भन्नेबारे स्पष्ट जानकारी नहुँदा भ्रम र असन्तोष बढ्छ। यदि राज्यले पारदर्शी रूपमा संवाद गर्ने, जनतालाई सहभागी गराउने र प्रतिक्रिया सुन्ने संयन्त्र विकास गर्छ भने धेरै विवाद प्रारम्भमै समाधान हुन सक्छन्। नीतिगत स्पष्टता र विश्वसनीयता बढाउनु पनि समाधानको महत्वपूर्ण भाग हो।

दीर्घकालीन समाधानको दृष्टिले हेर्दा, सीमावर्ती क्षेत्रलाई “समस्या क्षेत्र” होइन, “अवसर क्षेत्र”का रूपमा हेर्नुपर्ने आवश्यकता छ। यस्ता क्षेत्रहरूलाई विशेष आर्थिक क्षेत्र, क्रस-बोर्डर ट्रेड हब वा सहकार्य क्षेत्रका रूपमा विकास गर्न सकिन्छ। यदि नेपालतर्फ प्रतिस्पर्धी बजार, भन्सार सहजीकरण, भण्डारण र ढुवानी पूर्वाधार विकास गरियो भने उपभोक्ताको निर्भरता स्वतः सन्तुलित हुन्छ। यसले राजस्व पनि बढाउँछ र स्थानीय अर्थतन्त्र पनि सुदृढ बनाउँछ।

अन्ततः, यो बहसले राज्य र नागरिकबीचको सम्बन्धको गुणस्तरलाई उजागर गरेको छ। कर नीति, सिमाना व्यवस्थापन र आर्थिक सुधार जस्ता विषयहरू प्राविधिक मात्र होइनन्; यी गहिरो रूपमा राजनीतिक र सामाजिक पनि हुन्। त्यसैले समाधान पनि बहुआयामिक हुनुपर्छ–आर्थिक सुधार, प्रशासनिक दक्षता, राजनीतिक संवेदनशीलता र कूटनीतिक सन्तुलन सबैलाई सँगसँगै अघि बढाउनुपर्ने हुन्छ।

नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ र समसामयिक बनाउने हो भने यस्ता विवादलाई अवसरका रूपमा लिन सकिन्छ। सीमावर्ती जनताको यथार्थलाई केन्द्रमा राखेर नीति परिमार्जन गर्ने, द्विपक्षीय सहकार्यलाई सुदृढ बनाउने र आन्तरिक संरचनागत कमजोरी सुधार गर्ने दिशामा ठोस कदम चाल्न सके मात्र दीर्घकालीन समाधान सम्भव हुन्छ। अन्यथा, असन्तोषको चक्र दोहोरिइरहने र सम्बन्धमा अनावश्यक तनाव थपिँदै जाने खतरा रहिरहन्छ।

# विद्यार्थी संगठन हटाउने सरकारी निर्णयको चर्को विरोध

**बैठकले राजनीतिक दलका भ्रातृ संगठनका रूपमा रहेका विद्यार्थी संगठनहरूलाई ६० दिनभित्र विश्वविद्यालय हाताबाट हटाइने र विश्वविद्यालयले उपलब्ध गराएका कार्यालय (कोठा/भवन) खोस्ने र परिसरभित्रका ब्यानर, झण्डा, भित्ते लेखन तत्काल हटाउने निर्णय गरेको थियो ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले वितेको चैत २० गते विश्वविद्यालयहरूबाट दलीय विद्यार्थी संगठनलाई पूर्ण रूपमा विस्थापित गर्ने निर्णय गरेको थियो। उक्त निर्णयको सुरुमा धेरैले सांकेतिक विरोध जनाए, तर अहिले विस्तारै राजनीतिक दलहरूबाट पनि प्रस्फुट हुन थालेको छ।

चैत २० गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलको उपस्थितिमा र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीको अध्यक्षतामा बसेको समन्वय समितिको बैठकले विश्वविद्यालयमा दलीय राजनीतिको अन्त्य गर्ने घोषणा गरेको थियो।

बैठकले राजनीतिक दलका भ्रातृ संगठनका रूपमा रहेका विद्यार्थी संगठनहरूलाई ६० दिनभित्र विश्वविद्यालय हाताबाट हटाइने र विश्वविद्यालयले उपलब्ध गराएका कार्यालय (कोठा/भवन) खोस्ने र परिसरभित्रका ब्यानर, झण्डा, भित्ते लेखन तत्काल हटाउने निर्णय गरेको थियो।




त्यसैगरी ९० दिनभित्र दलीय विद्यार्थी संगठनको खारेजी गरी गैरदलीय 'स्टुडेन्ट काउन्सिल' गठन गर्ने र त्यसका लागि आवश्यक परे नियमावली नै संशोधन गर्ने निर्णय सरकारले गरेको छ। दलीय विद्यार्थी संगठन हटाउने क्रममा अवरोध भए गृह मन्त्रालयमार्फत स्थायी वा अस्थायी सुरक्षा फौज (प्रहरी) नै परिचालन गर्ने कडा नीति लिइएको छ।

सरकारको उक्त प्रयासविरुद्ध राजनीतिक दलहरूले मोर्चाबन्दी सुरु गरेका छन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले आइतबार एक विज्ञप्ति जारी गर्दै यी दुवै कदमको कडा आलोचना गरेको छ।

नेकपाले विद्यार्थी संगठनहरूमाथि प्रतिबन्ध लगाउने प्रयासलाई संविधान विपरीत र अस्वीकार्य रहेको दाबी गरेको छ। पञ्चायती व्यवस्थाको कठिन समयमा समेत उपभोग गरिएको संगठित हुने अधिकार संघीय लोकतान्त्रिक गणतन्त्रमा खोस्ने प्रयास भएको भन्दै नेकपाले यसप्रति गम्भीर चिन्ता व्यक्त गरेको हो। साथै, ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने प्रयासले संवैधानिक अधिकार र अन्तर र्राष्ट्रिय सन्धि-सम्झौताको उल्लंघन हुने चेतावनीसमेत दिएको छ।

सरकारले कडा कदम चाल्ने निर्णय माइन्युट गरेलगत्तै विश्वविद्यालय परिसर हरूमा विद्यार्थी संगठनहरूले फाट्टफुट्ट विरोध शुरु गरिसकेका छन्।

दशकौंदेखि राजनीतिक दलहरूको नर्सरी र राजनीतिक आन्दोलनको केन्द्रविन्दु मानिँदै आएका त्रिवि लगायतका क्याम्पसहरूमा आफ्नो अस्तित्व मेटिने डरले विद्यार्थी नेताहरू पनि विस्तारै वकालत गर्न थालेका छन्। उनीहरूले यसलाई प्राज्ञिक सुधारको नाममा ल्याइएको निरंकुश कदम भन्दै निर्णय खारेज नभए सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन्।

'हाम्रो संगठन खारेज गरेर हाम्रो आस्था हटाउन सक्दैन,' राजर्षि जनक विश्वविद्यालयका विद्यार्थी नेता आदर्श मण्डलले भने, 'विद्यार्थी संगठन हटाउनु भन्दा अगाडि एनजीओ र आइएनजीओहरू हटाउनुपर्छ ।' उनले आफ्नो संगठनको केन्द्रबाट आएको निर्देशन अनुसार अगाडि बढ्ने बताए।

यसअघि विभिन्न राजनीतिक दलनिकट १४ विद्यार्थी संगठनले विद्यालय, विश्वविद्यालयबाट विद्यार्थी संगठनको संचरना हटाउने सरकारको निर्णय अलोकतान्त्रिक रहेको टिप्पणी गरेका थिए।


'विचारका आधारमा संगठनमा आबद्ध हुन पाउने अधिकार नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक अधिकार हो । कसैको पनि विचारमाथि बन्देज लगाउने कार्य लोकतान्त्रिक मूल्य-मान्यताविपरीत हुनुका साथै अन्तर र्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूसँग समेत असंगत हुन्छ । यस्तो प्रयासले युवा पुस्ताको स्वाभाविक राजनीतिक सामाजिकीकरण प्रक्रियामा अवरोध सिर्जना गर्ने खतरा रहन्छ,' विद्यार्थी संगठनको संयुक्त विज्ञप्तिमा भनिएको छ।

नेपालका हरेक ठुला राजनीतिक परिवर्तन (२०४६ र २०६२/६३ को आन्दोलन) मा अग्रमोर्चामा लडेका विद्यार्थी संगठनलाई एउटा प्रशासकीय निर्णयको भरमा पूर्ण रूपमा हटाउनु बालेन सरकारको लागि कठिन काम हुनसक्ने जानकारहरू बताउँछन्।

यद्यपि विद्यार्थी संगठनहरूको अराजक क्रियाकलाप बढेको भन्दै केही न केही निर्णय गर्नैपर्ने अवस्था आएको शिक्षाका अभियन्ता अभिषेक घिमिरेले बताए। 'विद्यार्थीका हक हितका लागि लड्नु हामी सबैको दायित्व हो, तर पछिल्ला केही समय विद्यार्थी राजनीतिका नाममा अराजकता भित्रिएको थियो । यसको शुद्धीकरण जरुरी थियो,' उनले भने, 'प्रोफेसरलाई मोसो दल्ने, हातखुट्टा भाँचिने गरी भौतिक आक्रमण गर्ने, कुर्सी रूखमा झुन्ड्याइदिने, काम गर्ने कार्यालयमै ताल्चा लगाइदिने लगायत हर्कत अत्यन्त अशोभनीय थिए । नेपालका विश्वविद्यालय यस्तै अराजक हरकतका कारण जीर्ण बन्दै गएका कारण युवा उच्च शिक्षाका नाममा विदेश पलायन हुने क्रम बढ्न थालेको सत्य हो।' यसकारण पछिल्लो सरकारको निर्णय सही रहेको उनको दाबी छ।

यता त्रिभुवन विश्वविद्यालयका उपकूलपति दीपक अर्यालले भने सरकारको निर्णयले ऐन संशोधनको बाटो देखाए आशय व्यक्त गरे।

## राष्ट्रियसभा अध्यक्ष दाहाल र टर्किस सभामुख नुमानबीच भेट



काठमाण्डु। राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल र टर्कीको संसद ग्रान्ड नेसनल एसेम्बलीका सभामुख नुमान कुर्तुल्मुसबीच शिष्टाचार भेटवार्ता भएको छ।

अन्तर व्यवस्थापिका सङ्घ (आइपीयू)को १५२ औँ महासभामा सहभागी हुन इस्तानबुलमा रहनुभएका अध्यक्ष दाहालले शनिबार टर्कीको संसद्का सभामुखसँग शिष्टाचार भेट गर्नुभएको हो। भेटमा दुई देशबीचको सम्बन्ध, आपसी हित र संसदीय सहकार्यका विषयमा छलफल भएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ। द्विपक्षीय भेटमा अध्यक्ष दाहालले संसदीय सहकार्यमार्फत दुई देशबीचको सम्बन्ध अझ बलियो र प्रगाढ बनाउनुपर्ने उल्लेख गर्दै संसदीय अनुभव आदानप्रदान, भ्रमण र संसदीयमैत्री समूह गठनका लागि आफूहरू आतुर रहेको बताउनुभयो।

दुई देशबीचको कूटनीतिक सम्बन्ध छ दशकदेखि नै सौहार्द र आपसी सम्मानमा आधारित रहेको चर्चा गर्दै अध्यक्ष दाहालले आगामी दिनमा द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ बनाउन नेपालमै टर्कीको दूतावास स्थापना गर्न आग्रह गर्नुभयो। अहिले टर्कीसँग जोडिएका सबै काम गर्न नेपाली भारतको राजधानी दिल्ली धाउनुपर्ने स्थिति रहेको भन्दै अध्यक्ष दाहालले नेपाल र टर्कीबीच श्रम सम्झौता गर्नुका साथै नेपालमै टर्किस दूतावास स्थापना भए दुई देशबीचको सहकार्यमा थप सहज हुने विश्वास व्यक्त गर्नुभयो।

आइपीयूको महासभामा टर्की सरकार र संसद्ले गरेको स्वागत र हार्दिकताका लागि अध्यक्ष दाहालले धन्यवाद व्यक्त गर्नुभयो। सो क्रममा टर्कीको संसद् ग्रान्ड नेसनल एसेम्बलीका सभामुखले राष्ट्रियसभा अध्यक्षसहित नेपाली संसदीय प्रतिनिधिमण्डललाई इस्तानबुलमा स्वागत गर्न पाउँदा खुसी लागेको बताउनुभयो। टर्की र नेपालबीच द्विपक्षीय सम्बन्ध अझ बलियो बनाउन आफूहरू सदैव तत्पर रहेको उल्लेख गर्दै सभामुख नुमानले नेपालमा टर्किस दूतावास खोल्न सकारात्मक रहेको बताउनुभयो।

टर्किस सरकारले नेपालका लागि सीमित कोटाको शैक्षिक छात्रवृत्तिको व्यवस्था गरेको उल्लेख गर्दै उहाँले छात्रवृत्तिको कोटा वृद्धि गर्ने र दुई देशबीचको व्यापार पनि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। आगामी नोभेम्बरमा कोप-३१ टर्कीमा हुन लागेको उल्लेख गर्दै सभामुख नुमानले त्यसको नेतृत्वका लागि टर्कीलाई आवश्यक सहयोग गर्न अनुरोध पनि गर्नुभयो। भेटमा आइपीयूमा सहभागी नेपाली संसदीय प्रतिनिधिमण्डलका सदस्यहरू पनि उपस्थित हुनुहुन्थ्यो। रासस

# सरकारी सेवा प्रभावकारी बनाउन सञ्चारमन्त्री डा तिमिल्सिनाको निर्देशन

**टुडे समाचारदाता**

त्रिशूली । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले कर्मचारीलाई जिम्मेवारीपूर्वक काम गरी गर्व गर्न लायक नतिजा देखाउन आग्रह गर्नुभएको छ । 'जेनजी' आन्दोलनपछिको राजनीतिक परिवर्तनलाई कर्मचारी संयन्त्रले पनि बदलिएर साथ दिनुपर्ने समय आएकाले आफूले दिएको सेवाप्रति गर्व गर्न लायक काम गर्न उहाँले कर्मचारीलाई निर्देशन दिनुभयो।



जिल्ला प्रशासन कार्यालयमा आज आयोजित जिल्लाका सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिसँगको छलफलमा मन्त्री डा तिमिल्सिनाले सेवा प्रवाहमा ढिलाइ, गैह्रजिम्मेवारी र बहाना अब सह्य नहुने स्पष्ट पार्नुभयो। राजनीतिक परिवर्तनको मर्म बुझ्न आग्रह गर्दै उहाँले नयाँ सरकार किन बनेको हो भन्नेबारे सबैले आत्मसमीक्षा गर्नुपर्ने भन्दै सरकारी सेवामा सुधार गरेर जनतालाई सहज रुपमा सुशासन दिन कर्मचारीतन्त्र लाग्नुपर्ने बताउनुभयो।

"समस्या देखाउन सजिलो हुन्छ। तर, अब हामीले आफैँतिर औँला उठाउनुपर्छ । हामीले काम गर्ने भनेको राजनीतिक लाभका लागि नभई देशको सेवाका लागि हो," मन्त्री डा तिमिल्सिनाले भन्नुभयो । अहिलेको सरकार पारदर्शिता र जवाफदेहिताको जगमा बनेको उल्लेख गर्दै उहाँले हरेक नागरिक उत्तिकै जिम्मेवार र जवाफदेही हुनुपर्ने बताउनुभयो।

"कसैलाई पनि गैह्रजिम्मेवार हुने छुट छैन। आफूलाई सुम्पिएको काम कि त जिम्मेवार भएर पूरा गर्नुपर्छ, अन्यथा मार्ग प्रशस्त गर्नुपर्छ," मन्त्री डा तिमिल्सिनाले भन्नुभयो । जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई जवाफदेही बनाइने उहाँले स्पष्ट पार्नुभयो।

> "समस्या देखाउन सजिलो हुन्छ । तर, अब हामीले आफैँतिर औँला उठाउनुपर्छ । हामीले काम गर्ने भनेको राजनीतिक लाभका लागि नभई देशको सेवाका लागि हो," मन्त्री डा तिमिल्सिनाले भन्नुभयो ।

शासन सञ्चालन र सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाउन निर्देशन दिँदै मन्त्री डा तिमिल्सिनाले सरकारी कार्यालयले जनतालाई सेवा दिन बसेको हो भन्ने अनुभूति दिलाउनुपर्ने बताउनुभयो। "जनतालाई केन्द्रमा राखेर काम गर्नुको विकल्प छैन, अब सबैले काम गर्नुपर्ने समय आएको छ। विगतको तुलनामा आफूलाई सन्तुष्ट हुने गरेर काम गर्न लाग्नुहोस्," उहाँले भन्नुभयो।

सूचनाको मूल्याङ्कन सन्तुलित ढङ्गले गर्नुपर्ने उल्लेख गर्दै मन्त्री डा तिमिल्सिनाले कुनै पनि सूचना एकाङ्की रूपमा नलिन र भेदभावपूर्ण व्यवहार नगरी खुला रुपमा सेवाग्राहीको काममा खटिन कर्मचारीलाई सुझाव दिनुभयो । संसद्को मुख्य काम कानुन निर्माण भएको उल्लेख गर्दै उहाँले दशकौं पुराना कानुनका कारण सरकारी सेवा प्रवाहमा भइरहेको अवरोधलाई हटाउन आवश्यक कानुन छिट्टै निर्माणको तयारीमा अहिलेको संसद् र सरकार लागिसकेको जानकारी दिनुभयो। नयाँ कानुन बनाउने र पुराना परिमार्जन गर्ने प्रक्रिया अघि बढिरहेको उहाँको भनाइ थियो।

मन्त्री डा तिमिल्सिनाले रोकिएका फाइल तत्काल अघि बढाउन निर्देशन दिँदै 'शून्य फाइल' अभियान सफल बनाउन मन्त्रालयदेखि प्रदेश र जिल्ला तहमा रहेका कर्मचारी संयन्त्र सबै सक्रिय भएर लाग्नुपर्नेमा जोड दिनुभयो । 'शून्य फाइल' अभियानलाई नतिजामुखी बनाउन साप्ताहिक, पाक्षिक र मासिक प्रगति सार्वजनिक गर्न उहाँले सुझाव दिनुभयो।

कार्यक्रममा नुवाकोट-१ बाट निर्वाचित सांसद डा अच्युतम लामिछानेले कार्यालय प्रमुख एवम् प्रतिनिधिहरुलाई सेवाग्राहीप्रति जिम्मेवार बन्न आग्रह गर्नुभयो। भुक्तानी प्रक्रिया प्रभावकारी बनाउन 'शून्य बेरुजु जिल्ला' बनाउने लक्ष्य लिन उहाँले सुझाव दिनुभयो । सबै नागरिकलाई समान पहुँच र अवसर सुनिश्चित गर्न तथा राजनीतिक आधारमा कुनै विभेद नराख्न पनि उहाँले सजग गराउनुभयो।

छलफलका क्रममा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा विभिन्न कार्यालयका प्रमुखको उपस्थिति थियो। सो अवसरमा जिल्लाको विकास आयोजनाको अवस्थाको सम्बन्धमा पनि मन्त्री र सांसदले जानकारी लिनुभयो। रासस

# कांग्रेसले संविधान संशोधनका लागि सुझाव दिन गठित विज्ञ समितिलाई दियो पूर्णता

पाटन । नेपाली कांग्रेसले संविधान संशोधनका विषयमा अध्ययन गरी आवश्यक सुझाव दिन गठित विज्ञ समितिलाई पूर्णता दिएको छ। गत चैत ११ गते बसेको पार्टी केन्द्रीय कार्यसमितिको बैठकले उपसभापति पुष्पा भुसालको संयोजकत्वमा गठन गरेको उक्त समितिलाई पूर्णता दिएको हो।



पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले आज एक विज्ञप्ति जारी गरी विज्ञ समूहमा वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल, प्रेमबहादुर खडका, उपेन्द्रकेशरी न्यौपाने, शेरबहादुर केसी, यदुनाथ खनाल, गोपालकृष्ण घिमिरे, योगेन्द्रबहादुर अधिकारी, दिनेश त्रिपाठी, सीताराम केसी, ललितकुमार बस्नेत, अधिवक्ताहरू रनबहादुर थेवे, शर्मिला श्रेष्ठ, झलमाया विकलाई सदस्यमा मनोनयन गरिएको जानकारी दिनुभयो । समितिको सदस्य सचिवमा अधिवक्ता राजु कटुवाललाई जिम्मेवार दिइएको छ।

यसैगरी, समितिलाई पाँचबुँदे कार्यविवरणसमेत दिइएको विज्ञप्तिमा उल्लेख छ। कार्यविवरणमा संविधान निर्माणका क्रममा विभिन्न समुदाय र समूहबाट उठेका माग, आन्दोलन र सम्झौताहरूको अध्ययन गर्नाका साथै संविधान कार्यान्वयन निर्माणपश्चात् देखिएका समस्या, सङ्घीयताको अभ्यास, तहगत सरकार सञ्चालनका चुनौती तथा सरोकार भएकाहरूसँग संवाद गरी विश्लेषण गर्ने जिम्मेवारी दिइएको छ।

यसैगरी, गत भदौ २३ र २४ मा जेनजी युवा पुस्ताको आह्वानमा भएको आन्दोलनको भावनाअनुसार सुशासन, सेवा प्रवाह र प्रतिनिधित्वलगायत विषयमा उठेका माग र सम्झौतामा उल्लिखित विषय, गत भदौ २१ को निर्वाचनमा पार्टीले प्रतिज्ञापत्रमा उल्लिखित संविधान संशोधनसम्बन्धी विषय र एक दशकको अनुभवका आधारमा संविधान कार्यान्वयनको समीक्षा गर्दै सुझावसहित प्रतिवेदन तयार पार्ने कार्यविवरण दिइएको छ।

उक्त समितिको सुझावका आधारमा संविधान संशोधनबारे आफ्नो धारणा तय गर्ने र राष्ट्रिय सहमतिका लागि अन्य राजनीतिक दल, नागरिक समाज तथा विशेषज्ञहरूसँग संवाद अघि बढाउने जनाइएको छ।

कांग्रेसले सरकारले संविधान संशोधनसम्बन्धी बहसलाई प्राथमिकता दिएकामा स्वागत गर्दै सरकारसँग सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ। यस्तै, विसं २०७२ मा संविधानसभामार्फत जारी भएको नेपालको संविधानलाई ऐतिहासिक उपलब्धि भन्दै यसको संरक्षण र प्रभावकारी कार्यान्वयन आफ्नो मूल दायित्व भएको उल्लेख गरेको छ।

"संविधान जारी भएको एक दशक पूरा भइसकेको सन्दर्भमा समयानुकूल संशोधन र अद्यावधिक लोकतान्त्रिक प्रक्रिया हो । पार्टीले २०८२ को प्रतिनिधिसभा निर्वाचनमा गरेको प्रतिबद्धताअनुसार संविधानका अभ्यासमा देखिएका समस्यालाई संशोधनमार्फत सम्बोधन गर्दै सङ्घीयता, समावेशिता र नागरिक अधिकारलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ।

यसका लागि राजनीतिक दल, नागरिक समाज र आमजनतासँग व्यापक संवाद र सहमतिमा आधारित पहल अघि बढाइने छ", विज्ञप्तिमा भनिएको छ। रासस

# रास्वपा केन्द्रीय समिति बैठक सोमबार

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समिति बैठक सोमबार बस्ने भएको छ। पार्टी प्रवक्ता मनिष झाले सोमबार अपरान्ह ३:०० बजे वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयमा बैठक बस्ने जानकारी दिनुभयो।




पार्टी सभापति रवि लामिछानेको निर्देशानुसार बैठकमा अनिवार्य उपस्थितिका लागि सबैलाई अनुरोध गरिएको उहाँले बताउनुभयो।

यसैबीच, रास्वपा सचिवालय बैठक आज अपराह्न ३:३० बजे बस्दैछ। बैठकले केन्द्रीय समिति बैठकका 'एजेण्डा' तय गर्ने जनाइएको छ । बैठकमा प्रतिनिधिसभा सदस्यको संगठनात्मक जिम्मेवारी र संसदीय दलको लागि प्राविधिक सहायता एवं 'लेवी'लगायत विषयमा पनि छलफल हुने प्रवक्ता झाले जानकारी दिनुभयो।

बैठकमा जिल्ला अधिवेशन कार्यविधि, केन्द्रीय आयोग, सल्लाहकार परिषद्, सङ्घीय नेतृत्व मञ्च र विभागको मनोनयन, महाधिवेशन कार्यविधि मस्यौदा समिति गठनलगायत विषयमा समेत छलफल हुने उहाँले बताउनुभयो। रासस

# उत्तर कोरियाको नयाँ मिसाइल परीक्षणले बढायो तनाव

रासस/एपी। उत्तर कोरियाले आइतबार समुद्रतर्फ लक्षित गर्दै छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेपछि कोरियाली प्रायद्वीपमा पुनः तनाव चुलिएको छ। संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकायले केही दिनअघि मात्र प्योङ्याङले आणविक हतियार विकासमा 'धेरै गम्भीर' प्रगति गरेको चेतावनी दिएको पृष्ठभूमिमा भएको यस प्रक्षेपणलाई क्षेत्रीय सुरक्षा दृष्टिले गम्भीर रूपमा हेरिएको छ।

दक्षिण कोरियाली सेनाका अनुसार उत्तर कोरियाको सिन्पो क्षेत्रबाट प्रहार गरिएका ती मिसाइलहरू करिब १४० किलोमिटर उडेर देशको पूर्वी समुद्री क्षेत्रमा खसेका थिए। यस घटनापछि दक्षिण कोरियाले कुनै पनि सम्भावित उक्साहटको जवाफ दिन पूर्ण तयारीमा रहेको जनाउँदै संयुक्त राज्य अमेरिका र जापानसँग सूचनाको आदानप्रदान तीव्र बनाएको छ।

दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा परिषद्को आकस्मिक बैठकमा वरिष्ठ अधिकारीहरूले उत्तर कोरियाका बारम्बारका क्षेप्यास्त्र परीक्षणप्रति गहिरो चिन्ता व्यक्त गर्दै यस्ता गतिविधि तत्काल रोक्न आग्रह गरेका छन्। विशेष रूपमा, यो प्रक्षेपण दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङ विदेश भ्रमणमा निस्कनु केही घण्टाअघि भएकोले यसको समयलाई पनि अर्थपूर्ण रूपमा हेरिएको छ।

अमेरिकी र जापानी सेनाले पनि प्रक्षेपण पत्ता लगाएको पुष्टि गरेका छन्। अमेरिकी इन्डो-प्यासिफिक कमान्डले क्षेत्रीय सुरक्षा र आफ्ना सहयोगीहरूको रक्षा



गर्न प्रतिबद्ध रहेको जनाएको छ। जापानको रक्षा मन्त्रालयले भने उत्तर कोरियाको यो कदमले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्तिलाई जोखिममा पारेको र संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको उल्लङ्घन गरेको भन्दै कडा विरोध जनाएको छ।

मिसाइल प्रक्षेपण गरिएको सिन्पो क्षेत्र उत्तर कोरियाको पूर्वी तटस्थित महत्त्वपूर्ण सहर हो। यहाँ पनडुब्बी निर्माणका लागि प्रमुख शिपयार्ड रहेको छ। दक्षिण कोरियाली सञ्चारमाध्यमका अनुसार यो प्रक्षेपण पनडुब्बीबाट गरिएको हो कि जमिनबाट वा दुवै प्लेटफर्म प्रयोग गरिएको हो भन्नेबारे विश्लेषण भइरहेको छ। जापानका रक्षामन्त्री मासाहिसा मियाजाकीले पनि यस विषयमा अमेरिका र दक्षिण कोरियासँग समन्वय भइरहेको बताउनुभएको छ।

यदि पनडुब्बीबाट प्रक्षेपण गरिएको पुष्टि भएमा यो चार वर्षपछि उत्तर कोरियाले गरेको पहिलो पनडुब्बी-आधारित ब्यालेस्टिक मिसाइल परीक्षण हुनेछ। यस्तो क्षमता विकास हुनु प्रतिद्वन्द्वी राष्ट्रहरूका लागि थप चुनौतीपूर्ण मानिन्छ, किनकि पानीमुनिबाट हुने प्रक्षेपण पहिचान गर्न कठिन हुन्छ। गत वर्ष उत्तर कोरियाले निर्माणाधीन आणविक पनडुब्बी सार्वजनिक गरेको थियो, जसले यस दिशामा उसको महत्त्वाकांक्षा झल्काएको थियो।

यस वर्ष मात्र उत्तर कोरियाले पटक-पटक हतियार परीक्षण गरिरहेको छ। गत साता नेता किम जोङ उनले युद्धपोतबाट गरिएको क्षेप्यास्त्र परीक्षणको निरीक्षण गर्नुभएको थियो। त्यसअघि पनि तीन दिनसम्म विभिन्न नयाँ हतियार प्रणालीसहितका परीक्षणहरू गरिएको दाबी गरिएको थियो। गत महिना प्योङ्याङले अमेरिकासम्म पुग्न सक्ने मिसाइलका लागि ठोस इन्धन इन्जिन परीक्षण गरेको जनाएको थियो।

सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता विफल भएपछि किम जोङ उनले आफ्नो आणविक तथा मिसाइल कार्यक्रम विस्तारमा जोड दिँदै आउनुभएको छ। यद्यपि ट्रम्पले पुनः वार्ताको इच्छा व्यक्त गरिरहनुभएको छ र उत्तर कोरियाले पनि संवादका लागि सङ्केत दिएको छ, तर प्योङ्याङले पूर्वशर्तका रूपमा आणविक निःशस्त्रीकरणको माग हटाउन अमेरिकालाई आग्रह गरिरहेको छ।

आगामी मे महिनामा ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हुने भनिएको शिखर सम्मेलनलाई पनि उत्तर कोरियासँगको कूटनीतिक सम्भावनासँग जोडेर हेरिएको छ। केही विश्लेषकहरूका अनुसार उत्तर कोरियाको पछिल्लो परीक्षण गतिविधि भविष्यका वार्तामा आफ्नो मोलतोल शक्ति बढाउने रणनीति हुन सक्छ।

यसैबीच अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफेल ग्रोसीले हालै उत्तर कोरियामा आणविक उत्पादन गतिविधिमा 'तीव्र वृद्धि' भएको पुष्टि गर्नुभएको छ। उहाँका अनुसार यी गतिविधिहरूले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा उल्लेखनीय विस्तार भएको सङ्केत गर्छ।

बाह्य विश्लेषकहरूले पनि उत्तर कोरियाले आफ्नो प्रमुख योङब्योन आणविक परिसर विस्तार गरिरहेको र थप युरेनियम संवर्धन केन्द्रहरू निर्माण गरिरहेको बताएका छन्। गत वर्ष दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले उत्तर कोरियाले चार वटा युरेनियम संवर्धन केन्द्र सञ्चालन गरिरहेको जानकारी दिनुभएको थियो, जसले यस क्षेत्रको सुरक्षा अवस्थालाई अझ जटिल बनाएको छ।

# इटहरी गोल्डकपः प्लानिङ ब्वाइज फाइनलमा



धरान। प्लानिङ ब्वाइज काठमाडौं १६औँ संस्करणको अन्तरराष्ट्रिय आमन्त्रण रेडबुल इटहरी गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

गत चैत ३० गतेदेखि आयोजक राष्ट्रिय जागृति क्लबद्धारा इटहरीस्थित रङ्गशालामा रात्रिकालीन रूपमा सञ्चालन भइरहेको प्रतियोगिताअन्तर्गत शनिबार सम्पन्न खेलमा प्लानिङ ब्वाइजले सातदोबाटो युथ क्लब ललितपुरलाई ६-१ गोलअन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो। खेलको पाँचौं मिनेटमा प्लानिङ ब्वाइजका खेलाडी रोमन भुजेलले पहिलो गोल गर्दै अग्रता दिलाएका थिए। त्यसपछि खेलाडी फागुराम थारूले २९औं, ३३औं, ६४औं र ६८औं मिनेटमा लगातार चार गोल गर्दै उत्कृष्ट प्रदर्शन गरे भने प्रताप सिंह राईले ७८औं मिनेटमा थप एक गोल गर्दै टोलीको जित सुनिश्चित गरेका हुन्।

सातदोबाटोका तर्फबाट सकल रेग्मीले ४७औं मिनेटमा सान्त्वना गोल गरेका थिए। आजको खेलको 'प्लेयर अफ दी म्याच' प्लानिङब्वाइजका फागुराम थारू घोषित भए। उनलाई नगद रु १० हजार प्रदान गरिएको कार्यक्रम संयोजक अनुरोध थापाले जानकारी दिनुभयो। प्रतियोगिताको फाइनल खेल यही वैशाख ७ गते हुनेछ। विजेता टोलीले रु १० लाख र उपविजेताले रु पाँच लाख नगद पुरस्कार प्राप्त गर्नेछन्। साथै सर्वोत्कृष्ट खेलाडीलाई रु एक लाख, सर्वाधिक गोलकर्तालाई रु २५ हजार तथा विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई जनही रु २० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। रासस

# रोबोटले तोड्यो मानव कीर्तिमान




रासस/एपी। चीनको तीव्र गतिमा अघि बढिरहेको प्रविधि विकासलाई झल्काउने घटनामा बेइजिङमा आयोजित हाफ-म्याराथनमा एक मानवाकृति रोबोटले मानव विश्व कीर्तिमान नै उछिन्दै ऐतिहासिक सफलता हासिल गरेको छ। यस उपलब्धिले खेलकुद र कृत्रिम बौद्धिकताको सङ्गममा नयाँ युग सुरु भएको सङ्केत दिएको छ।

बेइजिङ इकोनोमिक-टेक्नोलोजिकल डेभलपमेन्ट एरिया (बेइजिङ ई-टाउन) बाट सुरु भएको २१ किलोमिटरको दौड चिनियाँ स्मार्टफोन निर्माता अनरद्वारा विकसित रोबोटले ५० मिनेट २६ सेकेन्डमा पूरा गर्दै पहिलो स्थान हासिल गर्न सफल भयो। यो समय मानव हाफ-म्याराथन विश्व कीर्तिमानधारी युगान्डाका धावक ज्याकोब किप्लिमोले मार्चमा बनाएको करिब ५७ मिनेटको समयभन्दा उल्लेखनीय रूपमा छिटो हो।

गत वर्ष पहिलो पटक आयोजना गरिएको यस प्रतियोगितामा विजेता रोबोटले २ घण्टा ४० मिनेट ४२ सेकेन्डमा दूरी पार गरेको थियो। त्यसको तुलनामा यस वर्षको प्रदर्शनले रोबोट प्रविधिमा भएको तीव्र प्रगति प्रस्ट पारेको छ। प्रतियोगिताको आकार पनि यसपटक उल्लेखनीय रूपमा बढ्दै १०० भन्दा बढी टोलीहरूको सहभागिता रहेको थियो, जसमा पाँच विदेशी टोली समेत समावेश थिए।

दौड पूर्ण रूपमा सहज भने रहेन। केही रोबोटहरू प्रारम्भमै लड्न पुगे भने केही अवरोधमा ठोक्किएका थिए। यद्यपि, आयोजकका अनुसार करिब ४० प्रतिशत रोबोटहरूले कुनै मानवीय हस्तक्षेप बिना स्वायत्त रूपमा पूरा मार्ग तय गर्न सफल भए, बाँकी भने रिमोट कन्ट्रोलमार्फत सञ्चालन गरिएका थिए।

प्रतियोगितामा एउटा रोबोटले ट्राफिक प्रहरीको भूमिका निर्वाह गर्दै सहभागीहरूलाई हातको सङ्केत र आवाजमार्फत निर्देशन दिएको दृश्यले दर्शकहरूको ध्यान खिचेको थियो, जसले रोबोटको बहुआयामिक प्रयोगको सम्भावना झल्काएको छ।

चीनमा प्रविधिको विकास केवल औद्योगिक प्रगतिको विषय मात्र नभई रणनीतिक प्रतिस्पर्धासँग पनि जोडिएको छ। विशेषगरी संयुक्त राज्य अमेरिकासँगको प्रतिस्पर्धालाई मध्यनजर गर्दै बेइजिङले आफ्नो पछिल्लो पञ्चवर्षीय योजनामा 'विज्ञान र प्रविधिको सीमालाई लक्षित गर्ने' प्रतिबद्धता व्यक्त गरेको छ। सन् २०२६ देखि २०३० सम्मको योजनाअन्तर्गत मानवाकृति रोबोटजस्ता उन्नत प्रविधिको विकासलाई प्राथमिकतामा राखिएको छ।

लन्डनस्थित प्रविधि अनुसन्धान संस्था ओमडियाको हालैको प्रतिवेदनअनुसार एजिबोट, युनिट्री रोबोटिक्स र युबीटेक रोबोटिक्स कर्पजस्ता चिनियाँ कम्पनीहरू विश्व बजारमा सामान्य प्रयोजनका मूर्त बौद्धिक रोबोट उत्पादन र आपूर्तिमा अग्रपङ्क्तिमा उभिएका छन्। ती कम्पनीहरूले गत वर्ष मात्र हजारौं युनिट रोबोट विश्वभर पठाएका थिए, जसले चीनको यस क्षेत्रमा बढ्दो प्रभावलाई पुष्टि गर्दछ।

यस घटनाले केवल एउटा दौड जित्ने उपलब्धि मात्र नभई, मानव क्षमतासँग प्रतिस्पर्धा गर्न सक्षम कृत्रिम प्रविधिको तीव्र विकासको सङ्केत दिएको छ, जसले आगामी दिनमा खेलकुददेखि उद्योगसम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# महारानीको जीवनी लेखन इतिहासकार चयन

रासस/एएफपी। बेलायती शाही परिवारले दिवङ्गत महारानी एलिजाबेथ द्वितीयको जीवनलाई आधिकारिक रूपमा अभिलेखीकरण गर्ने महत्त्वपूर्ण कदम अघि बढाउँदै इतिहासकार अन्ना केलाई जीवनी लेखनको जिम्मेवारी दिएको जनाएको छ। सत्तरी वर्षभन्दा लामो शासनपछि सन् २०२२ सेप्टेम्बरमा निधन भएकी महारानीको जीवन र कार्यलाई समेट्ने यो परियोजनालाई शाही इतिहासको एक महत्त्वपूर्ण दस्तावेजका रूपमा हेरिएको छ।

बेलायती सञ्चारमाध्यमहरूका अनुसार राजा चार्ल्स तृतीयले आफ्नी आमाको जीवनकथा लेख्ने जिम्मेवारी एक महिलालाई दिने इच्छा व्यक्त गर्नुभएको थियो, जसअनुसार अन्ना केको छनोट गरिएको हो। विशेषगरी सन् १६४९ देखि १६६० सम्मको बेलायतको गणतान्त्रिक कालखण्डबारे गहिरो अध्ययन र लेखनका लागि परिचित केका लागि यो अवसर ऐतिहासिक जिम्मेवारीका रूपमा आएको छ।

अन्ना केले यो जिम्मेवारी पाउनु 'गहिरो सम्मान' भएको प्रतिक्रिया दिँदै रानी एलिजाबेथलाई असाधारण व्यक्तित्वका रूपमा चित्रण गर्नुभएको छ। महारानी एलिजाबेथको जीवन एक शताब्दीभरि भएका व्यापक परिवर्तनहरूसँग गाँसिएको थियो। केले आफूलाई उपलब्ध गराइने स्रोत र सामग्रीको सदुपयोग गर्दै महारानीको जीवन र योगदानलाई न्याय गर्ने प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

बकिङ्घम प्यालेसले जारी गरेको विज्ञप्तिअनुसार अन्ना केले रोयल आर्काइभमा सुरक्षित राखिएका महारानीका व्यक्तिगत तथा आधिकारिक कागजातहरूमा पूर्ण पहुँच पाउनुहुनेछ। साथै, उहाँले शाही परिवारका सदस्यहरू, महारानीका निकट साथीहरू तथा दरबारका कर्मचारीहरूसँग अन्तर्वार्ता लिन पनि सक्ने व्यवस्था गरिएको छ, जसले जीवनीलाई थप विश्वसनीय र जीवन्त बनाउने अपेक्षा गरिएको छ।

आधिकारिक शाही जीवनीहरूले प्रायः ऐतिहासिक रूपमा महत्त्वपूर्ण तर कम ज्ञात विवरणहरू सार्वजनिक गर्ने गरेका छन्। यसअघि महारानी एलिजाबेथकी आमा, राजा जर्ज छैटौंकी पत्नीको आधिकारिक जीवनीमा १९६० को दशकमा आन्द्राको क्यान्सरबाट पीडित भए पनि सफल उपचार गरिएको तथ्य खुलासा भएको थियो।

यस नयाँ जीवनी परियोजनाले महारानी एलिजाबेथ द्वितीयको व्यक्तिगत जीवन, शासनकाल र विश्व इतिहासमा उहाँको भूमिकाबारे थप गहिरो दृष्टिकोण प्रदान गर्ने अपेक्षा गरिएको छ।

# चन्द्रगढी महिला गोल्डकपः आर्मी विजयी

भद्रपुर। मेची रङ्गशालामा आजदेखि सुरु भएको प्रथम 'ओम साई पाथिभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप' फुटबल प्रतियोगिताको उद्घाटन खेलमा त्रिभुवन आर्मी फुटबल क्लब विजयी भएको छ। विभागीय टोली आर्मीले आरएस पोखरा एफसीमाथि ६-० गोलको सहज जित निकालेको हो।

खेल सुरु भएको ११औँ मिनटमा दीपा शाहीले पहिलो गोल गर्दै आर्मीलाई अग्रता दिलाइन्। खेलको २६औँ र २८औँ मिनेटमा आर्मीका लागि विमला चौधरीले लगातार गोल गर्दै टोलीलाई ३-० को स्कोर बनाइन्। यस्तै ३५औँ मिनेटमा चन्द्रा भण्डारीले अर्को गोल थप्दै पहिलो हाफमा आर्मीलाई ४-० को अवस्थामा पुर्‍याइन्।

दोस्रो हाफमा जेनिफर राना मगरले ५०औँ मिनेटमा गोल थपिन् भने ६२औँ मिनेटमा चन्द्रा भण्डारीले अर्को गोल गर्दै टोलीको जित सुनिश्चित गरिन्। खेल अवधिभर आरएस पोखराले प्रभावशाली प्रदर्शन गर्न नसक्दा विपक्षी पोस्टमा आक्रमण गर्न सकेन। खेलको प्लेयर अफ दी म्याच आर्मीकी विमला चौधरी घोषित भइन्। उनले नगद रु ११ हजार प्राप्त गरिन्।

प्रतियोगिताअन्तर्गत आइतबार भुटानको थिम्पु सिटी फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, आरएस पोखरा फुटबल क्लब, थिम्पु सिटी



क्लब, चर्च ब्वाइज युनाइटेड, नेपाल पुलिस क्लब, आयोजक चन्द्रगढी युवा क्लब, भारतको रानी लक्ष्मीबाई स्पोर्ट्स एकेडेमी, सशस्त्र प्रहरीको एपिएफ क्लब, सङ्कटा फुटबल क्लब र पदमा स्पोर्ट्स क्लबको सहभागिता रहेको छ।

प्रतियोगिताको विजेताले रु ११ लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन्। साथै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई रु एक लाख तथा उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकलाई जनही रु २५ हजार प्रदान गरिने आयोजकले जनाएको छ। रासस

# होर्मुजमा पुनः तनाव, अन्तिम सम्झौता अझै टाढा

रासस/एएफपी। इरानले संयुक्त राज्य अमेरिकाले आफ्ना बन्दरगाहहरूमाथिको नौसैनिक नाकाबन्दी नहटाएसम्म होर्मुजको जल डमरूमध्य पूर्ण रूपमा खुला नहुने स्पष्ट पारेसँगै क्षेत्रीय तनाव पुनः चुलिएको छ। केही समयका लागि खुलेको जलमार्ग फेरि अनिश्चित बनेपछि विश्व ऊर्जा बजारमा पनि पुनः चासो र चिन्ता बढेको छ।

इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले टेलिभिजनमार्फत् सम्बोधन गर्दै अमेरिकासँग भइरहेको वार्तामा केही प्रगति भए पनि आधारभूत विषयहरूमा अझै गहिरो मतभेद रहेको बताउनुभयो। उहाँका अनुसार अन्तिम शान्ति सम्झौता तत्काल सम्भव देखिँदैन र वार्ता अझै निर्णायक चरणमा पुगेको छैन। इजरायल र अमेरिकासँगको युद्ध अन्त्य गर्ने उद्देश्यले भइरहेको संवादमा धेरै जटिल पक्षहरू बाँकी रहेको उहाँको भनाइ थियो।

दुई साताका लागि गरिएको युद्धविराम बुधबार समाप्त हुने तयारीमा छ, जसले आगामी अवस्था थप अन्योलपूर्ण बनाएको छ। यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग 'राम्रो वार्ता' भइरहेको दाबी गर्दै तेहरानलाई दबाबमूलक रणनीति नअपनाउन चेतावनी दिनुभयो। उहाँले इरानले होर्मुजमार्फत् अन्तर्राष्ट्रिय समुदायलाई 'ब्ल्याकमेल' गर्न खोजेको आरोप समेत लगाउनुभयो।

शुक्रबार इरानले लेबनानमा आफ्नो सहयोगी हिजबुल्लाहसँग इजरायलबीच सहमति भएपछि होर्मुज जल डमरूमध्य खुला गरिएको घोषणा गरेको थियो। विश्वको करिब पाँचौं भाग तेल र तरलीकृत प्राकृतिक ग्यास यही मार्गबाट ओसारपसार हुने भएकाले यस निर्णयले विश्व बजारमा राहत दिएको थियो र तेलको मूल्य घटेको थियो। तर अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी कायम राख्ने अडान लिएपछि तेहरानले पुनः जलमार्ग



सीमित गर्ने सङ्केत दिएको हो।

"यदि अमेरिकाले नाकाबन्दी हटाएन भने होर्मुजमा आवागमन निश्चित रूपमा सीमित हुनेछ", गालिबफले चेतावनी दिनुभयो। यसैबीच इरानका सर्वोच्च नेता मोजताबा खमेनीले लिखित सन्देशमार्फत् इरानी नौसेना अमेरिकाविरुद्ध लड्न पूर्ण रूपमा तयार रहेको उल्लेख गर्नुभएको छ।

तनावबीच इरानको रिभोलुसनरी गाड्र्सले अनुमति बिना जल डमरूमध्य पार गर्ने जहाजहरूलाई शत्रुसँगको सहकार्य मानिने र आवश्यक परे 'लक्षित' गरिने चेतावनी दिएको छ। छोटो समयका लागि खुल्दा केही तेल र ग्यास ट्याङ्करहरू पार भए पनि धेरै जहाजहरू पछि हटेका छन् र शनिबार दिउँसोसम्म जलमार्ग प्रायः सुनसान देखिएको ट्र्याकिङ तथ्याङ्कले देखाएको छ।

समुद्री सुरक्षासम्बन्धी बेलायती एजेन्सीले एक ट्याङ्करमाथि गोली प्रहार भएको जानकारी दिएको छ भने भ्यानगार्ड टेक नामक सुरक्षा फर्मका अनुसार इरानी सेनाले खाडी क्षेत्रबाट बाहिरिँदै गरेको एक खाली क्रूज जहाजलाई नष्ट गर्ने धम्की दिएको छ। अर्को घटनामा अज्ञात प्रक्षेप्यले एक जहाजमा प्रहार गर्दा कन्टेनरहरू क्षतिग्रस्त भएका छन्, यद्यपि आगलागी भएको छैन।

यसै क्रममा भारतले जल डमरूमध्यमा आफ्ना झण्डा बोकेका दुई जहाजमाथि भएको गोलीकाण्डप्रति कडा आपत्ति जनाउँदै नयाँदिल्लीस्थित इरानी राजदूतलाई बोलाएर विरोध दर्ता गराएको छ।

कूटनीतिक पहलहरू पनि जारी छन्। पाकिस्तानसँगको मध्यस्थतामा संलग्न इजिप्टले चाँडै नै अन्तिम सम्झौता सम्भव हुने आशा व्यक्त गरेको छ। वार्ताका प्रमुख अवरोधका रूपमा इरानको उच्च स्तरसम्म समृद्ध गरिएको युरेनियमको भण्डार र होर्मुज जल डमरूमध्यको नियन्त्रणलाई लिइएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानले ४४० किलोग्राम समृद्ध युरेनियम हस्तान्तरण गर्न सहमति जनाएको दाबी गर्नुभएको छ।

# कटारी गोल्डकपको उपाधि जष्ट जोन नाइजेरियालाई




कटारी। छैटौँ कटारी आमन्त्रित मेयर गोल्डकपको उपाधि जष्ट जोन फुटबल क्लव, नाइजेरियाले जितेको छ।


आइतबार सम्पन्न फाइनल खेलमा चात्यासा फुटबल क्लब झापालाई ४-० गोलअन्तरले हराउँदै जष्ट जोनले उपाधि कब्जा गरेको हो। कटारी नगर खेलकुद विकास समितिको आयोजनामा गत चैत २८ गतेदेखि जारी सो प्रतियोगिताको उपाधि कब्जा गर्दै जष्ट जोनले रु पाँच लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता झापाले रु तीन लाख पायो।

फाइनल खेलमा जष्ट जोनका लागि पहिलो हाफमा ओलाओए डेभिट, सुनकानी सोयन्का र ऐना जोह्नले एक एक गोल गरेका थिए। दोस्रो हाफमा जष्ट जोनका लागि डेमोला हमजादले गोल गरे। झापाले खेल अवधिभर पटक पटक अवसर पाए पनि गोल गर्न भने सकेन।

फाइनल खेलको म्यान अफ दी म्याचसहित प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी जष्ट जोनका ओलाओए डेभिट, उत्कृष्ट डिफेन्डर झापाका विशाल भण्डारी, सर्वाधिक गोलकर्ता जष्ट जोनका डेमोला हमजाद र शलेस युथ क्लव, सिरहाका राज भुषाल, सर्वोत्कृष्ट गोलरक्षक जष्ट जोनका डोडो अलु र उदीयमान खेलाडी आयोजक कटारी-११ का रिसभ धामी घोषित भए।

उनीहरुलाई जनही रु १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको समितिका अध्यक्ष दिपक राईले बताए। विजेता, उपविजेतालाई कटारीका नगरप्रमुख राजेशचन्द्र श्रेष्ठलगायतले पुरष्कार प्रदान गरे। रासस

# अध्ययन बिदामा गएका प्राध्यापक नफर्किंदा त्रिविलाई दुई अर्ब नोक्सानी, फिर्ता गर्न थाले तलबभत्ता




काठमाण्डु । अध्ययन बिदामा गएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक नफर्किंदा रु दुई अर्ब बढीको नोक्सानी भएको छ । त्रिविको नियमअनुसार शिक्षक-कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउने प्रावधान छ ।

विश्वविद्यालयले योग्य, दक्षा र अनुसन्धानमैत्री प्राज्ञिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले तलबसहित अध्ययन बिदा दिने गरेको हो । तर प्रध्यापकहरूले बिदाको चरम दुरुपयोग गरेको पाइएको छ। यससम्बन्धी समाचार प्रकाशित भएपछि त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक/कर्मचारीहरूको खोजबिन गर्न डा जीवन काफ्लेको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको थियो । समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य हुनुहुन्छ ।

उक्त समितिले खोजबिन गर्दा करिब ३९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको छ । यसबाट त्रिविलाई आर्थिका साथै प्राज्ञिक क्षति पुगेको छ। अध्ययन बिदामा गएका स्थायी शिक्षकको ठाउँमा आंशिक र करारका शिक्षक राख्दा त्रिविलाई थप आर्थिक भार परेको छ ।

समितिका संयोजक डा काफ्लेले अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको सङ्ख्या बढ्दा त्रिविले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको बताउनुभयो । “शिक्षक कर्मचारीबाटै अध्ययन बिदामा गएर नफर्किने लापरवाही प्रवृत्तिले विद्यार्थीमा नकारात्मक सन्देश गएको छ”, उहाँले भन्नुभयो, “त्रिविप्रतिको धारणामा असर पनि पुगेको छ ।”

त्रिवि कार्यकारी परिषद्ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो । छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २०७ जना गरी कुल ३९८ प्राध्यापक छन् । समितिका संयोजक काफ्लेका अनुसार थप ५०-६० फाइल पनि भेटिएको छ ।

त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० मा तीन वर्षभन्दा बढी पाँच वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने उल्लेख छ। यदि तीन वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा तीन वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ ।

अध्ययन बिदा सकिएपछि शिक्षक नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर शिक्षक कर्मचारीले कबुलियतनामा पनि गरेका हुन्छन् । पाँच वर्षसम्म त्रिविको तलब खाने र बिदा सकिएपछि अमेरिका, अष्ट्रेलिया, क्यानडा तथा युरोपका विभिन्न मुलुकमा बस्ने गरेको पाइएको छ ।

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा खड्ग केसीले धेरै वर्षदेखि पेचिलो बनिरहेको अध्ययन बिदा दुरुपयोगको विषयलाई त्रिविले आँट गरेर बाहिर ल्याएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “समितिले गरेको अध्ययनमा १९३ जना पाँचवर्षे अध्ययन बिदा सकेर नफर्किएका र अध्ययन बिदा लिएर अध्ययन पूरा नगरेका ४०० भन्दा बढी पाइएको छ ।”

शिक्षाध्यक्ष डा केसीका अनुसार विश्वविद्यालयसँग गरेको कबुलियतअनुसार साँवाब्याजसहित फिर्ता गर्न त्रिविले पत्राचार गरेकामा २० जनाले रकम बुझाइसकेका छन् । उनीहरूबाट रु छ करोड रकम फिर्ता भएको छ। अध्ययन बिदा सकिएपछि नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर कबुलियतनामा गरिएको हुन्छ । सोही कबुलियतनामाअनुसार रकम फिर्ता गरिरहेका हुन् ।

त्रिविले ताकेता गरेपछि ५० जनाभन्दा बढी प्राध्यापक फिर्ता गर्ने प्रक्रियामा छन् । त्रिविका अनुसार नफर्किने प्राध्यापकले प्रतिव्यक्ति कम्तीमा रु १० लाखदेखि रु ५० लाख बढीसम्म फिर्ता गर्नुपर्ने देखिएको छ। डा केसीले भन्नुभयो, “हामी निर्ममतापूर्वक अहिले पनि लागिरहेका छौँ । अब पहिलो चरणमा पैसा नबुझाउनेलाई दोस्रो चरणमा कानुनी परामर्श लिएर नाम सार्वजनिक गर्छौँ, ३५ दिने सूचना अवधिमा पनि सम्पर्कमा नआए सम्बन्धित निकायलाई कारबाहीका लागि सिफारिस गरिनेछ ।”

त्रिविको उपप्राध्यापक पदको शिक्षकको सेवा सुविधालाई मात्र आधार मान्ने हो भने एक शिक्षकको रु ४८ हजार ७३७ बेसिक तलब जम्मा आठ ग्रेडबापत रु १३ हजार र कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोष समेत १०-१० प्रतिशत कट्टी गर्दा रु १२ हजार ३४८ र मासिक बिरामी बिदाबापत रु दुई हजार ५७३, महँगी भत्ता रु दुई हजार र प्राज्ञिक भत्ता रु एक हजार चाडबाड खर्च रु ६१ हजार ७३७ गरी जम्मा वार्षिक रु १० लाख १७ हजार ६३३ को हिसाबले ३९७ शिक्षक कर्मचारीले पाँच वर्षको अवधिमा करिब रु दुई अर्बको हाराहारीमा दुरुपयोग गरेको प्रतिवेदनको प्रारम्भिक विवरणमा छ ।

**प्रधानमन्त्री र शिक्षामन्त्रीको चासो**

अध्ययन बिदाको दुरुपयोगका विषयमा सरकारले चासो लिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह र सरकारको प्रवक्ताको समेत जिम्मेवारी सम्हाल्नुभएका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमन्त्री सस्मित पोखरेलले चासोका साथ अध्ययन गरिरहनुभएको हो । प्रधानमन्त्री शाह र शिक्षामन्त्री पोखरेलको सचिवालयले छानबिन समितिका संयोजक डा काफ्लेसँग छलफल गरेको छ । प्रधानमन्त्री र शिक्षमन्त्रीले चासो देखाएपछि त्रिविले कामलाई थप तीव्रता दिएको छ ।

समितिका संयोजक डा काफ्लेले डिन कार्यालय, क्याम्पस, केन्द्रीय विभागलगायतका कार्यालयमा पुगेर नफर्किने प्राध्यापक र कर्मचारीको खोजी गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “पूर्ववत रूपमा आकलन गरिएको सङ्ख्याभन्दा अझ बढी सङ्ख्यामा दुरुपयोगको अवस्था देखिएको छ भने समिति गठनपश्चात् दुरुपयोग गर्नेहरू सार्वजनिक जीवनमा पर्न जाने असरलाई मूल्याङ्कन गरी आफूले दुरुपयोग गरेको क्षतिपूर्ति रकम त्रिवि नियमअनुसार बुझाउन अग्रसर देखिएका छन् ।”

डा काफ्लेका अनुसार हालसम्म टोलीले त्रिविका ६० प्रतिशत आङ्गिक क्याम्पस र कार्यालयमा प्रत्यक्ष रूपमा अवलोकन गर्दा अध्ययन बिदा लिई सेवामा नफर्कने शिक्षक कर्मचारीका साथै अध्ययन बिदा लिई उपाधि हासिल गर्न नसक्नेहरूको सङ्ख्या समेत उल्लेख्य रूपमा रहेको पाइएको छ ।

त्रिविले विशवविद्यालयअन्तर्गतका क्याम्पस कार्यालयहरूमा कार्यरत स्थानीय शिक्षक तथा कर्मचारीलाई निजहरूको वृत्ति विकासका लागि अध्ययन अध्यापन र अनुसन्धान कार्य गर्न एक वर्षदेखि पाँच वर्षसम्मको अध्ययन बिदा दिने गरेको छ । यसरी अध्ययन बिदाबाट प्राप्त गरेको ज्ञान र सीप विश्वविद्यालयको समग्र हितमा हुने अपेक्षाका साथ एक वर्षदेखि पाँच वर्षसम्मको तलबी अध्ययन बिदा दिने गरेको हो ।

अध्ययन बिदामा बसेको शिक्षकहरूले आफूले अध्ययन बिदा उपयोग गरेको समयअनुसार विश्विद्यालयमा सेवा गर्नुपर्ने व्यवस्था गरिएको छ र सोअनुसार सेवा नगर्ने शिक्षक कर्मचारीका लागि दण्ड सजायको समेत व्यवस्था गरिएको छ । अध्ययन बिदामा बसी नफर्कने शिक्षक कर्मचारीलाई त्रिविले पत्र काटेर नफर्किने शिक्षकको विवरण उपलब्ध गराउन सबै निकायलाई भनेको थियो । तर सही विवरण नआएपछि समिति क्याम्पस क्याम्पसमा पुगेर सङ्कलन गर्न लागेको हो ।

“समितिले सम्बन्धित क्याम्पसमै पुगेर खोजबिन गरिरहेको छ। ठूलो सङ्ख्यामा शिक्षक र कर्मचारी अध्ययन बिदामा गएर नफर्किएको पाइएको छ”, समितिका संयोजक डा काफ्लेले भन्नुभयो । विसं २०४४ यताका सबै फाइल खोजेर अध्ययन गरिरहेको समितिले जनाएको छ। अध्ययन बिदामा गएका त्रिविका कति शिक्षक कर्मचारी फर्किए, कति उतै लुके भन्ने तथ्याङ्क त्रिविसँग थिएन । त्यसैले समिति बनाएर त्रिविले तथ्याङ्क सङ्कलन गरिरहेको हो ।

समितिका अनुसार त्रिविका आङ्गिक क्याम्पस/डिन कार्यालय/केन्द्रीय विभागमा खोजबिन सकिएको छ । कति सङ्ख्यामा शिक्षक कर्मचारी विदेशमै लुकेका छन् भन्ने तथ्याङ्क एकैपटक सार्वजनिक गरिने उहाँले बताउनुभयो । असार मसान्तसम्मको समयावधि पाएको समितिले तीव्र रूपमा काम गरिरहेको छ ।

**चार सयले गरे बिदाको दुरुपयोग**

समितिले छ महिना त्रिविका सबै निकायमा पुगेर खोजबिन गर्दा ४०० प्राध्यापकले दुरुपयोग गरेको भेटिएको हो । समितिले ताकेता गरेपछि अहिले अध्ययन बिदाबाट नफर्किएका प्राध्यापकले धमाधम रकम फिर्ता गर्न थालेका छन् । हालसम्म ४४ जनाले निवेदन दिएको र तीमध्ये २० जनाले साढे छ करोड रकम फिर्ता गरेको समितिका संयोजक डा काफ्लेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “अहिले २० जनाबाट साढे ६ करोड रकम उठिसकेको छ । अरुलाई पनि हामीले पत्राचार गरिरहेका छौँ ।”

अध्ययन बिदामा बसेर नफिर्किने शिक्षक र कर्मचारी अहिले करिब चार सय पुष्टि भएको तथा अझै केही केशहरू पनि आइरहेकाले यो सङ्ख्या झन्डै पाँच सय पुग्ने बताइन्छ । विश्वविद्यालयको नियममा पाँच वर्षसम्म अध्ययन बिदामा बस्न पाउने प्रावधान छ । तीन वर्षसम्म अध्ययन बिदा पूरा गरेकाले कम्तीमा तीन वर्ष र सोभन्दा बढी बिदा उपभोग गरेकाले कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने व्यवस्था छ । बिदामा बस्दा शिक्षकले नेपाली कागजमा फर्किने कबुलियतनामा गरेको हुन्छ । नफर्किएमा जायजेथाबाट भए पनि खाएको रकम असुल गर्ने भनिएको छ । तर, २०४५ सालदेखि अध्ययन बिदामा गएका त्रिविका शिक्षक फर्किएका छैनन् ।

धेरैजसो प्राध्यापकको खाएको तलबभन्दा ब्याज बढी भएपछि फिर्ता गर्न आनाकानी गरिरहेका छन् । यसमा के गर्ने भनेर त्रिवि पदाधिकारीले छलफल गरिरहेको छ । शिक्षाध्यक्ष डा केसीले त्रिविलाई अझै पनि अध्ययन बिदा दुरुपयोग गर्नेलाई कानुनी दायरामा ल्याउन तथा प्रतिवेदन कार्यान्वयनका चुनौती र छिद्रहरू रहेकाले जवाफदेही बनाउनका लागि सरकार, नागरिक समाज र सञ्चारमाध्यमको साथ र सहयोगको जरुरी भएको उल्लेख गर्नुभयो ।

अध्ययन बिदा लिएपछि क्याम्पस कार्यालयमा नफर्कने शिक्षक तथा कर्मचारीको सङ्ख्या अध्ययन संस्थानतर्फ सङ्कायतर्फको भन्दा तुलनात्मक रूपमा बढी देखिएको समितिले उल्लेख गरेको छ । त्रिविका केही शिक्षकहरूले स्वीकृत अध्ययन बिदा लिएपछि निर्धारित समयमा अध्ययन पूरा नगरेको तथा बिदा समाप्त भएपछि क्याम्पस वा विभागमा पुनः नफर्किनुले अध्ययन बिदाको मूल उद्देश्य नै विफल भएको समितिको ठहर छ ।

त्रिविको नियममा शिक्षक लगातार ९० दिनसम्म बिनासूचना क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने भनिएको छ। विदेशबाट राजीनामापत्र त्रिविमा पठाउने तर रकम भने फिर्ता गर्दैनन् ।

**यी हुन् समितिले खोजबिन गरेका क्याम्पस**

अध्ययन बिदामा बसेर नफर्केका शिक्षक/कर्मचारीको खोजबिन समितिले अहिलेसम्म खोजबिन गरेका क्याम्पसहरूमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कृषि र पशु विज्ञान अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान, चिकित्साशास्त्र अध्ययन संस्थान, रसायनशास्त्र केन्द्रीय विभाग, प्राणीशास्त्र केन्द्रीय विभाग, भौतिकशास्त्र केन्द्रीय विभाग, वनस्पतिशास्त्र केन्द्रीय विभाग, भूगर्भशास्त्र केन्द्रीय विभाग, जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, माइक्रोबायोलोजी केन्द्रीय विभाग, गणित केन्द्रीय विभाग, तथ्याङ्कशास्त्र केन्द्रीय विभाग, वातावरण केन्द्रीय विभाग, विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग र बायोटेक्नोलोजी केन्द्रीय विभाग रहेका छन् ।

यस्तै रत्नराज्यलक्ष्मी क्याम्पस, अमृत क्याम्पस, नेपाल ल क्याम्पस, पुल्चोक क्याम्पस, पुल्चोक, विश्वभाषा क्याम्पस, महेन्द्र रत्न बहुमुखी क्याम्पस, थापाथली क्याम्पस तथा झापाको मेची बहुमुखी क्याम्पस, विराटनगरको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, स्नातकोत्तर क्याम्पस, विराटनगर नर्सिङ क्याम्पस छन् ।

त्यसैगरी, धरानको पूर्वाञ्चल क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस, केन्द्रीय प्रविधि क्याम्पस, काठमाडौँको त्रिवि शिक्षण अस्पताल, आयुर्वेद क्याम्पस, मनमोहन कार्डियोथोरासिक, भास्कुलर तथा ट्रान्सप्लान्ट केन्द्र, महाराजगञ्ज नर्सिङ क्याम्पस, पोखराको पृथ्वी नारायण क्याम्पस, पश्चिमाञ्चल क्षेत्रीय क्याम्पस, वन विज्ञान क्याम्पस रहेका छन् ।

यसरी खोजबिन गर्दा मानविकी तथा सामाजिकशास्त्र सङ्काय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान र इन्जिनियरिङ अध्ययन संस्थानका धेरै प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेका छन् । तीन सय ९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेकामा मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा ११४ जना, विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा १०६ जना र इन्जिनियरिङ अध्ययन संस्थानमा ९९ जना छन् । वन विज्ञान अध्ययन संस्थानमा २८, कृषि र पशु विज्ञान अध्ययन संस्थानमा १३, चिकित्साशास्त्र अध्ययन संस्थानमा नौ, शिक्षाशास्त्र सङ्कायमा नौ, व्यवस्थापन सङ्कायमा १९ र कानुन सङ्कायमा एक प्राध्यापक रहेका छन् ।

**फिर्ता गर्नेमा सांसद पनि**

त्रिभुवन विश्वविद्यालयबाट अध्ययन बिदा लिई पूरा अवधि काम नगरेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाली कांग्रेसका सांसदले तलबभत्ता फिर्ता गरेका छन् । कैलाली-५ बाट निर्वाचित रास्वपा सांसद डा आनन्द चन्द र गण्डकी प्रदेशबाट राष्ट्रियसभामा निर्वाचित कांग्रेस सांसद जगत तिमिल्सिनाले रकम फिर्ता गरेका हुन् ।

सांसद हुनुअघि उपप्राध्यापक चन्द त्रिवि पाटन संयुक्त क्याम्पस र सहप्राध्यापक तिमिल्सिना व्यवस्थापन केन्द्रीय विभागमा कार्यरत थिए । चन्दले गत ३० चैतमा ४४ लाख ५६ हजार र तिमल्सिनाले गत २ वैशाखमा ३३ लाख ५० हजार रकम फिर्ता गरेका हुन् ।

त्यसैगरी, रकम फिर्ता गर्नेमा मित्रमणि सुवेदी, हिमाकुमारी राउत, रीना श्रेष्ठ, पुष्पराज आचार्य, ज्ञानप्रसाद गौतम, डा आशुतोषकुमार सिंह, जीवनाथ लम्साल, डा बुना भण्डारी, दीपक पुडासैनी, सरस्वती दवाडी, थिरबहादुर बुढाथोकी, नारायण सुवेदी, प्रकाश आचार्य, शम्भु पौडेल, जगत तिमल्सिना, बालहरि पौडेल, वीरेन्द्रप्रसाद गुप्ता, अर्चना न्यौपाने तिमिल्सिना, शैलेन्द्रनाथ अधिकारी र आनन्दबहादुर चन्द छन् । त्रिविले अध्ययन बिदाको दुरुपयोग गर्ने शिक्षक कर्मचारीबाट उठ्ने रकम निवृत्तिभरण कोषमा राखेको छ । आर्थिक वर्ष २०८२/८३ को बजेटमा त्रिविले यो शीर्षकलाई आन्तरिक आम्दानीको स्रोतमा पनि राखेको छ । रासस

## विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आज (आइतबार)का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १४८ रुपैयाँ ३९ पैसा र बिक्रीदर १४८ रुपैयाँ ९९ पैसा तोकिएको छ ।

यस्तै, युरोपियन युरो एकको खरिददर १७५ रुपैयाँ ०६ पैसा र बिक्रीदर १७५ रुपैयाँ ७६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर २०० रुपैयाँ ७५ पैसा र बिक्रीदर २०१ रुपैयाँ ५६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८९ रुपैयाँ ६५ पैसा र बिक्रीदर १९० रुपैयाँ ४१ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०६ रुपैयाँ ४० पैसा र बिक्रीदर १०६ रुपैयाँ ८३ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ४९ पैसा र बिक्रीदर १०८ रुपैयाँ ९३ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११६ रुपैयाँ ६२ पैसा र बिक्रीदर ११७ रुपैयाँ ०९ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ३२ पैसा र बिक्रीदर नौ रुपैयाँ ३६ पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ ७५ पैसा र बिक्रीदर २१ रुपैयाँ ८४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३९ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३९ रुपैयाँ ७२ पैसा, कतारी रियाल एकको खरिददर ४० रुपैयाँ ७० पैसा र बिक्रीदर ४० रुपैयाँ ८६ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६३ पैसा र बिक्रीदर चार रुपैयाँ ६५ पैसा, युएई दिराम एकको खरिददर ४० रुपैयाँ ४० पैसा र बिक्रीदर ४० रुपैयाँ ५६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७० पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ ०३ पैसा र बिक्रीदर १० रुपैयाँ ०७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ १८ पैसा र बिक्रीदर १६ रुपैयाँ २५ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ४२ पैसा र बिक्रीदर २३ रुपैयाँ ५२ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ९५ पैसा र बिक्रीदर १९ रुपैयाँ ०३ पैसा, कुवेती दिनार एकको खरिददर ४८४ रुपैयाँ ६२ पैसा र बिक्रीदर ४८६ रुपैयाँ ५८ पैसा, बहराइन दिनार एकको खरिददर ३९३ रुपैयाँ ५३ पैसा र बिक्रीदर ३९५ रुपैयाँ १२ पैसा, ओमनी रियाल एकको खरिददर ३८५ रुपैयाँ ४२ पैसा र बिक्रीदर ३८६ रुपैयाँ ९८ पैसा रहेको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ । रासस

# निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छः अध्यक्ष ढकाल

दोधारा चाँदनी । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा सबैले परिवर्तन ल्याउनुपर्ने



बताउनुभएको छ। आज कञ्चनपुर उद्योग वाणिज्य सङ्घको ३४औँ वार्षिक साधारणसभाको उद्घाटन समारोहमा बोल्दै उहाँले निजी क्षेत्र नाफा कमाउनका लागि मात्रै हो भनेर हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो ।

“कुल गार्हस्थ उत्पादन (जिडिपी)मा ८० प्रतिशतभन्दा बढी योगदान गर्ने र हरेक पूर्वाधार निर्माणमा योगदान गर्ने निजी क्षेत्र हो”, ढकालले भन्नुभयो, “सबैभन्दा बढी रोजगारी सिर्जना पनि निजी क्षेत्रले गरिरहेका छन् ।” उहाँले सुदूरपश्चिममा पर्यटनको अथाह सम्भावना रहेकाले पर्यटन प्रवर्द्धन गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यले यस क्षेत्रमा आफूले लगानी गरेको बताउनुभयो ।

“सुदूरपश्चिममा जहाँ हेर्‍यो त्यहीँ सम्भावना छ, त्यसकारण यहाँको सबैभन्दा ठूलो पर्यटन पूर्वाधार अगाडि बढाएका छौँ”, अध्यक्ष ढकालले भन्नुभयो, “यसले सुदूरपश्चिमको मात्रै नभई मुलुमकै पर्यटन प्रवर्द्धनमा टेवा पुगाउने छ ।” उहाँले इमान्दारिताका साथ काम गरे प्रतिफल आउने विश्वास व्यक्त गर्नुभयो । सुदूरपश्चिमबाट छिमेकी मुलुक भारतका ठूला औद्योगिक क्षेत्र नजिक रहेकाले त्यसको फाइदा पनि सुदूरपश्चिमलाई रहेको उहाँले बताउनुभयो।

“यहाँको बडिमालिका, रामारोशन जस्ता धार्मिक पर्यटकीय गन्तव्य छन्”, ढकालले भन्नुभयो, “अब पर्यटकीय पूर्वाधारमा पनि लगानी हुनुपर्छ ।” उहाँले निजी क्षेत्रको समस्या समाधानका लागि सरकारसँग निरन्तर पहल गरिरहेको बताउनुभयो । रासस

# चारआलीमा आधुनिक ‘कृषि मण्डी’ निर्माण



झापा । मेचीनगर नगरपालिका र मेची उद्योग वाणिज्य सङ्घले सार्वजनिक निजी साझेदारी (पिपीपी) कार्यक्रमअन्तर्गत मेचीनगर-१३ चारआलीमा आधुनिक तरकारी बजार (मण्डी) निर्माण सुरु गरेका छन् ।

स्थानीय व्यवसायीले वर्षौंदेखि माग गर्दै आएको मण्डी निर्माणका लागि नगरपालिका र सङ्घबीच आज सम्झौता भएको हो । सम्झौतापत्रमा नगरप्रमुख गोपालचन्द्र बुढाथोकी र मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेमराज प्रसाईंले हस्ताक्षर गर्नुभएको छ । चारआली चोकदेखि ५० मिटर दक्षिणको आइतबारे हटियाको १६ कट्ठा १४ धुर जग्गामा मण्डीको निर्माण सुरु गरिएको सङ्घका अध्यक्ष प्रसाईंले बताउनुभयो । मण्डीमा २५ वटा कोठा रहने जनाइएको छ ।

सम्झौतामा सार्वजनिक-निजी साझेदारी कार्यक्रमअन्तर्गत मण्डीको निर्माण र सञ्चालन गरिने उल्लेख छ । सङ्घले सब्जीमण्डीको टहरा र पार्किङ निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वार्षिक रु छ लाख ३५ हजार लगानी गर्नेछ भने मेचीनगर नगरपालिकाले नगरपालिकाले आवश्यक बजेटको व्यवस्था गरेर जग्गा सम्याउने, कल्भर्ट बनाउने, विद्युत् र खानेपानी सुविधा पुर्‍याउने र सिसी क्यामेरा जडान गर्ने भएको छ । रासस

# अन्नपूर्णमा आरोहण शुरु



म्याग्दी । अन्नपूर्ण प्रथम हिमालमा चालु वर्षको वसन्तयामको आरोहण सुरु भएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ । सेभेट समिट ट्रेकका लाक्पा शेर्पाको नेतृत्वमा सात जना नेपाली र पाँच जना विदेशी पर्वातारोही शनिबार अन्नपूर्णको चुचुरो चुमेका हुन् ।

सेभेन समिटका अनुसार आरोहण गर्नेहरूमा क्यानडाका चार्ल्स पेज, रुसका भालेरिय बाबानोभ, भ्लादिमिर अफानासेभ, युरी कुग्लोभ र अजरवैजानका इस्फार्ली असुर्ली रहेका छन् । नेपाली लाक्पासहित छेवाङ, दावा नर्बु, पासाङ दुङपा, छाङ्बा, तारामान र पासाङ शेर्पाले पनि शनिबार नै अन्नपूर्णको सफल आरोहण गर्नुभएको कम्पनीले जनाएको छ ।

त्यसैगरी, शनिबार विहान १०:१५ बजे नेदरल्यान्ड र अष्ट्रेलियाका दुई आरोहीसँगै एक शेर्पाले सफलतापूर्वक आरोहण गरेको मौरिस हर्जोग पदमार्गका अभियन्ता तेजबहादुर गुरुङले जानकारी दिनुभयो ।

“अन्नपूर्ण हिमालमा यसपटकको पहिलो आरोही टोलीले सफलतापूर्वक आरोहण गरेका छन्”, उहाँले भन्नुभयो, “आरोहण टोलीसँगै बेसक्याम्पसम्म घुम्न जानेको चहलपहल सुरु भएको छ”, अभियान्ता गुरुङले भन्नुभयो ।

यस वर्ष अन्नपूर्ण हिमाल आरोहणका लागि पर्यटन विभागबाट चार समूहका २७ जनाले अनुमति लिएका छन् । उनीहरूबाट रु एक करोड २० लाख ४९ हजार १७५ राजस्व प्राप्त भएको विभागका शाखा अधिकृत शर्मिला बञ्जाडेले बताउनुभयो । अन्नपूर्ण संसारको दशौँ अग्लो हिमाल हो । गत वर्षको वसन्तयाममा अन्नपूर्ण चढ्न ६६ जनाले अनुमति लिएका थिए ।

अन्नपूर्ण आरोहणका लागि विभिन्न कम्पनीबाट पुगेका आरोही र पर्यटकहरूको आधार शिविरमा चहलपहल छ । विसं १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण पहिलोपटक आरोहण गर्नुभएको थियो । मौरिसले अन्नपूर्ण चढेको तीन वर्षपछि १९५३ सालमा सरएडमण्ड हिलारी र तेन्जिन नोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो । रासस

# रेलवेमाथि ७९ करोडको ऋण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको एक मात्र रेल्वे सेवा प्रत्येक वर्ष करोडौको घाटामा गइरहेको छ । रेल्वे सेवा घाटामा गइरहेकाले योजनाबद्ध रूपमा कार्यसम्पादन गर्न र व्यवस्थापनमा सुधारको आवश्यकता रहेको देखिन्छ।

कम्पनीका तत्कालीन महाप्रबन्धक निरञ्जन झाका अनुसार अहिले मासिक आम्दानी करिब रु ७५ लाख भए पनि खर्च रु एक करोड २९ लाख पुग्ने गरेको छ। आम्दानीले खर्च धान्न नसक्दा




कम्पनीले सरकारको जमानीमा ऋण लिइ सञ्चालन हुँदै आएको छ।

उनले भने “विसं २०८१ असार मसान्तसम्म साँवा र ब्याजसहित कुल ऋण रु ७९ करोड नाघिसक्दा कम्पनीमाथि थप आर्थिक दबाब सिर्जना गरेको छ ”, उनले भने, “यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ।”

कम्पनीका तत्कालीन महाप्रबन्धक निरञ्जन झाका अनुसार कम्पनीको व्यावसायिक कार्ययोजना, २०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि आव २०८०/८१ सम्म रु १९ करोड २१ लाख आम्दानी हुँदा रु ६७ करोड ३७ लाख खर्च भएको उल्लेख छ। पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा मात्र रु आठ करोड ५० लाख आम्दानी हुँदा रु २६ करोड २७ लाख खर्च भएको छ।

पूर्वमहाप्रबन्धक झाका अनुसार भारतको जयनगरबाट जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक सञ्चालन हुँदै आएको छ । घाटाको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च मुख्य मानिएको उनको भनाइ छ।

हाल यहाँ १७ जना भारतीय कर्मचारी कार्यरत रहेका जनाउँदै पूर्वमहाप्रबन्धक झाले त्यसका लागि कम्पनीले भारतीय कोंकन कम्पनीलाई मासिक करिब रु एक करोड १२ लाख भुक्तानी गर्दै आएको बताए । उनका अनुसार नेपालीतर्फ १०३ कर्मचारीको कुल तलब रु १७ लाख छ।

लामो समयदेखि महाप्रबन्धक पद रिक्त रहेकाले व्यवस्थापनमा झन समस्या बढेको नेपाल रेल्वे कम्पनी लिमिटेडका कर्मचारीहरू बताउँछन्। लिमिटेडका अनुसार पछिल्लो पाँच वर्षको तथ्यांक अनुसार कम्पनीको आम्दानीभन्दा खर्च करिब तेब्बरभन्दा बढी रहेको देखाउछ । सोही कारण रेल्वे सेवा दीर्घकालीन रूपमा आर्थिक संकटतर्फ गइरहेको रेलवे सरोकारवालाहरुको भनाई छ।

स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेसन मास्टरको अभाव, फ्युलिङ स्टेसन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझ बढाएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । साथै कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन रहेको हुँदा व्यवस्थापन कमजोर बनेको छ।

विसं १९९४ मा सुरु भएको रेल सेवा २०७० मा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो। विसं २०७८ चैत १९ देखि पुनः सञ्चालनमा आएको रेल हाल ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ। कम्पनीले रेल्वेको आम्दानी बढाउन तथा आत्मनिर्भर बन्न विभिन्न विकल्प अघि सारेको छ । रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिंदा वार्षिक करिब रु आठ करोड आम्दानी हुने अनुमान गरिएको छ।

साथै पुरानो न्यारो गेज रहँदाको कोइला इन्जिन सहितका चीजहरुलाई रेल म्युजियम स्थापना गरी पर्यटनमार्फत आय बढाउने योजना पनि अघि सारेको छ । स्थानीय व्यापारीहरूले यात्रु सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन्।

स्थानीयका अनुसार यात्रु मात्र बोक्ने सेवाबाट नाफा सम्भव छैन । तत्कालीन महाप्रबन्धक झाले नेपाल रेल्वे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेल्वे सेवा शीघ्र सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिनुभएको थियो । उनले आफ्नो कार्यकालमा रेल्वेमा वोगी थपेर वा नयाँ रेल थपेर कार्गो सेवा सञ्चालन गर्नुपर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरेको जानकारी दिए।

भारतको कलकत्ता बन्दरगाहबाट सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्ने कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि जनकपुरधाम क्षेत्रका व्यवसायीले माग गर्दै आए पनि हालसम्म सञ्चालन हुन सकेको छैन। जनकपुरका व्यवसायीका अनुसार कार्गो सेवा सञ्चालन भएमा मालसमान ढुवानीका लागि सहज हुनुका साथै सस्तो पनि हुने थियो।

समयमा व्यवस्थापन सुधार, स्वदेशी दक्ष जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापन गर्न सके रेल सेवा नाफामुखी बन्न सक्ने जानकारहरू बताउँछन्। बढ्दो ऋणले नेपालको एकमात्र रेल सेवा थप संकटमा पर्ने निश्चितजस्तै देखिएको धनुषाका ६० वर्षीय रामकुमार झाले बताए । रेलले दैनिक जीवन सहज बनाएकाले यसको थप विस्तार र उचित व्यवस्थापन हुनुपर्नेमा उनले जोड दिए।

# केरा आयातमा प्रतिबन्धः महँगीको मारमा उपभोक्ता

**चालु आर्थिक वर्षको ८ महिनामा ७६ करोड ५५ लाख ६ हजार रुपैयाँको १ करोड ९४ लाख ३९ हजार २ सय ४१ किलो मात्रै केरा आयात भएको छ । केरा आयात नहुँदा उपभोक्ताको माग पूरा हुन नसकेको र त्यसको प्रभाव मूल्यवृद्धिमा देखिएको छ । तर क्वारेन्टिनले “टीआर-४” रोग भित्रिने डर देखाएर भारतीय केराको आयात रोकेको नेपाल फलफूल थोक व्यवसायी संघले जनाएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामसहितको बजारमा केराको मूल्य दर्जनको २ सय ५० रुपैयाँदेखि ३ सय ५० रुपैयाँसम्म पुगेको छ। पर्याप्त केरा नपाइएको र यसैबीचमा मातातीर्थ औंसी परेकाले पनि केरा महँगिएको खुद्रा व्यवसायीले बताएका छन्।



यस पटक केराको मूल्य फागुनदेखि नै निरन्तररुपमा बढिरहेको छ। मातातीर्थ औंसीका कारण मात्र नभइ आयात हुन नपाएकाले पनि केराको मूल्य वृद्धि भएको हो।

२०८२ वैशाख १ गते र वैशाख २०८३ को तुलनामा मात्रै केराको मूल्य दर्जनमा ६०/७० प्रतिशतले वृद्धि भएको छ। थोक बजारमै केराको मूल्य दर्जनमा ५० प्रतिशतले वृद्धि भएको छ।

केरा प्रतिदर्जन औसत मूल्य माघ २२ गतेदेखि ९ चैतसम्म ५०/८० रुपैयाँ, २०८१ चैत १ देखि २०८२ वैशाख १गतेसम्म १०० रुपैयाँ थियो। तर २०८२ माघ २६ र २७ गतेतर्फ १२० रुपैयासम्मँ पुगिसकेको थियो।

थोक बजारमै महँगिनुको कारण भनेको उपभोक्ताको मागअनुसार केरा आपूर्ति नहुनु हो। केरा आयात गर्न प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले नयाँ प्रवेश अनुमतिपत्र जारी गरेको छैन। त्यसकारण बजारमा केराको मागअनुसार आपूर्ति गर्न नसक्दा मूल्यवृद्धि भएको व्यवसायी बताउँछन्।

ट्रोपिकल रेस-४ (टीआर-४) रोगको जोखिमका कारण आयात अनुमतिपत्र जारी नगरिएको प्लान्ट क्वारेन्टिनका सूचना अधिकारी रोशन अधिकारीले जानकारी दिए । औपचारिक रूपमा आयात गर्न नपाइए पनि अनौपचारिक रूपमा आयात हुने केराको हकमा सूचना पाएसम्म कानुनी प्रक्रियाअनुसार नष्ट गरिरहेको उनको भनाइ छ।

जैविक सुरक्षाका लागि पनि केरा आयातका लागि नयाँ अनुमति पत्र जारी रोकेको अधिकारीको भनाइ छ। भन्सार विभागको तथ्यांकले पनि केरा आयात घटेको देखाउँछ। गत आर्थिक वर्षको ८ महिनामा १ अर्ब १५ करोड २२ लाख ८६ हजार रुपैयाँ बराबरको २ करोड ८० लाख २८ हजार ३८६ किलो केरा आयात भएको थियो।

चालु आर्थिक वर्षको ८ महिनामा ७६ करोड ५५ लाख ६ हजार रुपैयाँको १ करोड ९४ लाख ३९ हजार २ सय ४१ किलो मात्रै केरा आयात भएको छ। केरा आयात नहुँदा उपभोक्ताको माग पूरा हुन नसकेको र त्यसको प्रभाव मूल्यवृद्धिमा देखिएको छ। तर क्वारेन्टिनले ‘टीआर-४’ रोग भित्रिने डर देखाएर भारतीय केराको आयात रोकेको नेपाल फलफूल थोक व्यवसायी संघले जनाएको छ।

पहिले ६० रुपैयाँ प्रतिदर्जन पाइने केरा अहिले ३ सयदेखि ३ सय ५० रुपैयाँसम्म पुगेको छ। नेपाली खानयोग्य भइनसकेका केरा उपभोक्ताले महँगो मूल्यमा किन्नु परेको छ। नेपाली उत्पादनले ३-४ महिना (भदौ-मंसिर) मात्र बजार धान्न सक्ने उनको बुझाइ छ। बाँकी समयमा बजारको मागअनुसार आयात खोल्नुपर्ने उनको तर्क छ।

व्यवसायीले भदौदेखि मंसिरसम्म मात्र आन्तरिक उत्पादनले माग धान्ने बताए पनि केरा उत्पादक भने वैशाख, जेठ र असारमा मात्रै समस्या हुने र अन्य समयमा आन्तरिक उत्पादन नै पर्याप्त रहने दाबी गर्छन्। वैशाख, जेठ र असार नेपाली केराको ‘अपुग’ समय रहेको नेपाल केरा उत्पादक महासंघका अध्यक्ष विष्णुहरि पन्तले बताए।

आफैंले ८० रुपैयाँ दर्जनमा बेचेको केरा चितवनकै टाँडीमा १८० रुपैयाँमा किन्नुपर्ने अवस्था रहेको र ठूलो अन्तरलाई सरकारले बजार अनुगमनमार्फत नियन्त्रण गर्नुपर्ने पन्तको भनाइ छ। कुल मागको ३० प्रतिशत केरा आयात नै गर्नुपर्ने अवस्था रहेको पन्तले नै स्विकारे। तर तथ्यांकले १२ देखि १४ प्रतिशत मात्रै आयात गर्नुपर्ने देखाउँछ। खुला सीमाका कारण अझै पनि अवैध तरिकाबाट केरा भित्रने गरेको छ।

केरामा आत्मनिर्भर हुनुपर्छ भनेर किसानले १२ महिना पुऱ्याउने गरी केरा लगाइसकेको र अर्को वर्षदेखि त्यस्तो समस्या नहुने पन्तले बताए। उपभोक्तालाई महँगी भएको बहाना बनाएर व्यवसायीले केरा आयात खुलाउन खोजेको समेत उनको आरोप छ।

१२ देखि १४ प्रतिशत मात्रै आयात गर्नुपर्ने राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कार्यक्रम व्यवस्थापन एकाइका वरिष्ठ योजना अधिकृत इन्द्र शर्मा ढुंगानाले बताए। गत आर्थिक वर्ष ३ लाख ८२ हजार टन केरा आन्तरिक उत्पादन र ५६ हजार टन गरी मुलुकमा ४ लाख ४० हजार टन केरा खपत भएको छ। यसरी हेर्दा १२ देखि १४ प्रतिशत मात्रै आयात गर्नुपर्ने अवस्था छ। तर केरा उत्पादकहरू नै मुलुकमा ७० प्रतिशत आन्तरिक उत्पादन र ३० प्रतिशत आयात गर्नुपर्ने बाध्यता रहेको बताउँछन्।

अहिले उत्पादन र खपत बढी हुँदा समस्या देखिएको ढुंगानाको भनाइ छ। अबको २० देखि २५ दिनमा चितवनका मालभोग केरा बजारमा आउने भएकाले समस्या कम हुने उनले जनाए। बजारमा केराको अभाव र चर्को मूल्यवृद्धि देखिए पनि किसानले मूल्य नबढाएको उनले बताए। अहिले किसानले ६० देखि ८० रुपैयाँमा बिक्री गरिरहेको उनले बताए।

# सीमाको कडाईले आम नागरिकलाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय सीमावर्ती बजारबाट सीमा वरिपरि बस्ने नेपाली नागरिकको दैनिक उपभोग्य सामग्री किन्ने बजारको रुपमा रहेको छ।

नेपालमा दैनिक उपभोग्य लगायतका मानवजीवनमा आवश्यक पर्ने हरेक सामान महँगो पाउंदा मात्रै होइन कि विहेवारीदेखि मरणहरणको भोजभतेरम्मका लागि खाद्यय सामाग्री र कपडा सामग्री किन्ने प्रमुख आधार नै भारतीय सीमावर्ती बजार हो।

सन् १९५० मा नेपाल भारतबीच भएको शान्ति एवं मैत्री सन्धी अनुसार नेपाल र भारत दुवै देशका नागरिकलाई एक अर्काको देशमा आम नागरिकलाई राजनीतिक, व्यापारिक र सामाजिक रुपमा आवात जावत कुनै अवरोध नगरिने उल्लेख भए अनुसार अहिलेसम्म कुनै रोकटोक गरिएको थिएन।



तर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह ‘बालेन’ नेतृत्वमा सरकार बनेदेखि सीमामा एक सय रुपैयाभन्दा बढीको सामान किनेर ल्याएमा भन्सार तिर्नुपर्ने र भारतीय गाडी नेपालमा बीना भन्सार महसूलको छिर्न नपाउने व्यवस्थामा कडाई गरेका छन्।

बालेन नेतृत्वको सरकारले सीमामा गरेको कडाईले सीमामा खटिएका सशस्त्र प्रहरीले भारतीय बजारबाट एक सय रुपैयाभन्दा बढीको सामान किनेर ल्याउने गरेका नेपाली नागरिकको सामान जफ्त गर्न थालेपछि चौतर्फी आलोचना भइरहेको छ। दिनहुँ सीमामा सशस्त्र प्रहरी र नेपाली नागरिकबीच विवाद हुँदै आएको छ।

खासगरी मधेसका जनता भारतीय बजारमा निर्भर अहिल्यै मात्र भएका हैनन्, सदियौंदेखि उनीहरूको किनमेल गर्ने थलो सीमापारि नै हो। तर अहिले आएर सीमावर्ती क्षेत्रमा एकसय रुपैयाँभन्दा बढीको सामान किन्दा राज्यले लगाएको भन्सार दरले उनीहरू मारमा परेका छन् । यो सरकारी निर्णयले सर्वसाधारणको दैनिक जीवन नै अस्तव्यस्त बनेको छ । शुभकार्यका लागि मात्र होइन, गृहिणी, दैनिक ज्यालादारी गर्ने र न्यून आय भएका वर्ग नै समस्यामा परेका छन्।

नगराईन नगरपालिकाका श्याम यादव भन्छन्, ‘सीमापारि गएर सामान किन्ने कसैको रहर छैन । तर यति महँगो सामान पाउंछ, आफूले कमाएको पैसाबाट घर चलाउन मुश्किलै हुन्छ । भारतीय बजारबाट किनमेल नगर्दा त भोकै मर्ने अवस्था आउंछ। देशको अर्थतन्त्र मजबुत बनोस् भन्ने आफूलाई पनि इच्छा छ। तर आम नागरिकको पेटमा लात हानेर, कर सामायोजन गरेर, रोजगारीको व्यवस्था गरेर गर्ने हो । सीमामा कडाई गरेर नै हुने हो भने पछिल्ला सरकारले पनि गरिहाल्थे नि । सरकारको यो निर्णयले ‘नेपाल भारतबीचको सदियौंदेखि चल्दै आएको रोटी-बेटी सम्बन्धमै असर पार्नेछ।’

यस्तै जनकपुरधाम ४ का विनोद साह भन्छन् ‘सरकारले एक सय रुपैयाभन्दा बढीको सामान भन्सार लगाउनु भन्दा राम्रो त कर समायोजन गरी एक रुपैयाको सामान पनि भन्सार महसूल लगाउनुपर्छ। तर यसमा त सरकार सक्दैन । आफ्नो कामधन्दा छाडेर घण्टौ समय लगाएर पारी गएर सामान खरीद गरेर ल्याउनु कसैको रहर छैन । तर यहाँ त यति महँगो सामान पाउंछ। कमाएको आम्दानीले १५ दिनको पनि घर खर्च पुग्दैन।’

आम्दानी छैन, खर्च बढेको बढ्यै छ, सामान पनि यहाँ भारतभन्दा डेढ गुना महँगो छ।’ अहिले विवाह र ब्रतबन्धको सिजनमा झन् अफ्ठ्यारो परेको छ, नियन्त्रण गर्नुछ सरकारलाई भने तस्करलाई गर्नु पऱ्यो, तर त्यो नियन्त्रण नगरी आमनागरिकलाई दुख दिने काम सरकारले गरेको जनकपुर ६ का सुरेन्द्र साहको भनाई छ।

उनी थप्दै भन्छन् ‘सरकारलाई कडाई गर्दा यो पनि सोच्नुपर्छ कि सीमावर्ती जनता भन्सार तिर्न कहाँ जाने ? कतिपय नाकामा त भन्सार कार्यालय नै छैन । नजिकै पर्याप्त बजार पनि छैन। नुन-तेलमा कडाइ गर्नुभन्दा पहिले सस्तो बजार र सहज भुक्तानी प्रणालीको व्यवस्था गर्नुपर्छ।’

यस्तै सामाजिक अभियन्ता सरोज मिश्र भन्छन् मधेसका धैरे जिल्लामा भन्सार संरचना नै पर्याप्त छैन । यस्तो अवस्थामा कडाइ गर्नु अव्यावहारिक हो। सरकारको यो निर्णयले भारत नेपालबीच सदियौं देखि रहेको बेटी-रोटी सम्बन्धमा असर पार्नेछ। सरकारले यो नीति तत्काल सच्याउनुपर्छ नत्र आउने दिनमा विद्रोहको अवस्था मत दिएर जिताएका जनताबाट नै हुने अवस्था आउंछ।’

> जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले पनि सरकारको कदमलाई अव्यावहारिक भनेका छन् । तस्करी रोक्ने तर सर्वसाधारणलाई दुःख नदिन उनले सरकारसँग माग गरेका छन् ।

यता जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले पनि सरकारको कदमलाई अव्यावहारिक भनेका छन् । तस्करी रोक्ने तर सर्वसाधारणलाई दुःख नदिन उनले सरकारसँग माग गरेका छन् । ‘भारतीय सवारीसाधनमा कडाइ गर्नु भनेको पर्यटकलाई नै रोक्नुजस्तै हो, यसले मधेसको व्यापारमा प्रत्यक्ष असर गर्छ,’ उनले बताए, ‘नेपालमै सबै सामान सहज र सस्तो पाइँदैन । यस्तो अवस्थामा कडाइभन्दा पहिले बजार व्यवस्थापन, कर र भन्सार प्रणाली सुधार्न आवश्यक छ।’

उनले थप्दै भने ‘भारतीय पर्यटकले यहाँको व्यापार व्यसायलाई ठुलो राहत दिएका छन्, मधेसको उद्योग व्यवसायमा प्रत्यक्ष असर परेको छ,’ उनले भने, ‘ जनकपुरलगायत मधेसका अधिकांश एतिहासिक र धार्मिकस्थल घुम्न आउने पर्यटकले गर्ने किनमेलले बसाइले मधेसका व्यापार व्यसाय चलेको छ।’

मधेस प्रदेशमा हाल आठ वटा जिल्लामा जनकपुर, जलेश्वर, सर्लाही, गौर, वीरगञ्ज, राजविराज, सिरहा र ठाँडी भन्सार नाका छन् । बारा जिल्लामा भने भन्सार कार्यालय छैन। भन्सार महसुल ऐन, २०८१ अनुसार स्थलमार्गबाट आवतजावत गर्ने व्यक्तिले १०० रुपैयाँसम्मका निजी प्रयोगका सामानमा भन्सार छुट पाउन सक्छन्।

ऐनमा नेपालभित्र आउने र नेपालबाहिर विदेशी मुलुकमा जाने यात्रुले ल्याउन पाउने सामाग्रीहरू लक्षित उक्त नियममा स्थलमार्गबाट सिमाना ओहोरदोहोर गर्ने व्यक्तिले एक सय रुपैयाँ मूल्यसम्मका निजी प्रयोगका वस्तु साथै ल्याए वा लगे भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्ने व्यवस्था उल्लेख छ।

उता छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) कृष्ण ढकालले भने, ‘कसैलाई दुःख दिने नियत छैन । केन्द्रको निर्देशनअनुसार काम गरिएको हो । यसले भन्सार तिरेर सामान ल्याउने संस्कृतिको विकास हुन्छ।’


मधेस प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाले नेपाल प्रहरीले कसैलाई दुख नदिएको र सानोतिनो २-४ को सामानको लागि समातेर भंसारमा बुझाउनु भनेर निर्देशन नदिइएको प्रतिक्रिया दिएका छन्। पहिलो घेराका भन्सारका कर्मचारी र सशस्त्र प्रहरीले कति छुट दिने/नदिने कुरा उनीहरुको मातहतमा छ। तर हाम्रो नेपाल प्रहरीबाट कसैलाई दुख दिने वा तर्साउने काम नभएको बताएका छन।

# कारवाही गर्नें चेतावनी

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल पत्रकार महासंघ पर्सा शाखाले पत्रकार आचारसंहिता उल्लंघन गर्ने पत्रकार तथा सञ्चारगृहहरूलाई कारबाही गर्ने चेतावनी दिएका छन्।

आइतबार एक प्रेस विज्ञप्ति जारी गरी महासंघले पर्सा जिल्लाबाट सञ्चालन भइरहेका केही सञ्चारमाध्यम र पत्रकारहरूले समाचार सम्प्रेषणका क्रममा आचारसंहिताका आधारभूत मान्यतासमेत बेवास्ता गरिरहेकोप्रति गम्भीर चिन्ता व्यक्त गरेको हो।




महासंघका अनुसार केही सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल (फेसबुक, युट्युब) मार्फत सञ्चालित प्लेटफर्महरूले संवेदनशील विषय–जस्तै सामाजिक सद्भाव, जबरजस्ती करणी तथा व्यक्तिगत गोपनीयता–सम्बन्धी समाचार प्रस्तुत गर्दा गैरजिम्मेवार ढंगले सामग्री प्रसारण गर्दै आएका छन्, जसले आचारसंहिताको स्पष्ट उल्लंघन गरेको देखिन्छ।

समाचार संकलन र प्रसारणका क्रममा न्यूनतम मर्यादा र शिष्टताको ख्याल नगरी अभद्र व्यवहारसमेत देखिएको भन्दै महासंघले यस्तो गतिविधिले समग्र सञ्चार क्षेत्रको विश्वसनीयतामाथि प्रश्न उठाएको जनाएको छ। महासंघले यसअघि पनि सम्बन्धित सञ्चारगृह र पत्रकारहरूलाई पटक-पटक सचेत गराए पनि सुधार नआएको उल्लेख गर्दै तत्काल यस्ता गतिविधि रोक्न आग्रह गरेको छ।

साथै, पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै जिम्मेवार पत्रकारिता गर्न सबैलाई अपिल गरिएको छ। यदि भविष्यमा पनि आचारसंहिताविपरीत समाचार सम्प्रेषण भएको पाइएमा त्यसबाट उत्पन्न हुने अवस्थाको जिम्मेवारी सम्बन्धित पक्षले नै वहन गर्नुपर्ने र आवश्यक परे महासंघ आफैंले कारबाही प्रक्रिया अघि बढाउने चेतावनी विज्ञप्ति मार्फत दिइएको छ।

## पर्खाल खस्दा महिलाको मृत्यु

**टुडे समाचारदाता**

लहान। शनिवार सांझ आएको हावाहुरी र वर्षाका कारण घरको पर्खाल खस्दा सिरहाको सखुवानान्कारकट्टी गाउँपालिका-२ मकराम्पुरमा एक महिलाको मृत्यु भएको छ।

सांझ करिब ८ : ४५ बजे घरको पर्खाल भत्काउँदा पुरिएर करिब ६० वर्षीया किसुनवती यादवको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डिएसपी रमेशबहादुर पालका अनुसार घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यलय महेशवारीको टोली घटनास्थल पुगेर विवरण संकलन गरेको थियो।

मृतकको शव घरमै राखिएको तथा घटनास्थल सुरक्षित गरिएको प्रहरीले जनाएको छ। घटनास्थल इलाका प्रहरी कार्यालय महेशवारीबाट करिब ४.५ किलोमिटर पश्चिममा पर्दछ।

महोत्तरीको जलेश्वर नगरपालिका ९ स्थित प्रकौली चोक नजिक हावाहुरीकै समयमा रुख एक टेम्पुमाथि ढल्दा २ जनाको मृत्यु भएको थियो भने त्यसमा सवार चालकसहित अन्य चारजना घाइते भएको थियो।

स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरुको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८